# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

**नेपाल सरकार**

**स्थानीय विकास मन्त्रालय**

**२०६६**

## विषयसूची


अध्याय १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति...

१.१परिचय.......................................................................१

१.२दीर्घकालीन सोच........................................................२

१.३लक्ष्य............................................................................२

१.४उद्देश्य.........................................................................२

१.५प्रमुख नीतिहरु...............................................................३

१.६रणनीति..................................................................३-३०

१.७नीति र कार्यनीति.....................................................३१-३२

अध्याय २ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको

कार्यान्वयन तथा अनुगमन..........................३३

२.१ लैससास नीतिको कार्यान्वयन

२.१.१लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र.......३३

२.१.२साझेदार एवम् समन्वय.........................................३५

२.२लैससासको अनुगमन तथा प्रतिवेदन.........................३७

२.२.१लैससास शाखा, स्थानीय विकास मन्त्रालय.................३८

२.२.२लैससास कार्यान्वयन समिति/सामाजिक समिति, जिविस........३९

२.२.३ सुपरिवेक्षण तथा अनुगमन समिति...........................३९

२.२.४ वडानागरिक मञ्च (वडा तह)................................३९

२.२.५ विभिन्न निकायहरुको भूमिका ................................४०

# संक्षेपित शब्दावली

| | |
|---|---|
| एयोस | एकीकृत योजना तर्जुमा समिति |
| गाविस | गाउँ विकास समिति |
| लैससास | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण |
| जिविस | जिल्ला विकास समिति |
| ननाम | नगर नागरिक मञ्च |
| गानाम | गाउँ नागरिक मञ्च |
| वनाम | वडा नागरिक मञ्च |
| CEDAW | महिला विरुद्धका सबै प्रकारका हिंसा निमूल पार्ने सन्धि (Convention on the Elimination of All Forms of Discrimination Against Women) |
| CRC | बाल अधिकार महासन्धी (Child Rights Convention) |
| DPMAS | जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली ( District Poverty Monitoring and Analysis System) |
| LGCDP | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (Local Governance and Community Development Programme) |
| MC/PMs | न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (Minimum Conditions and Performance Measures) |
| NPC | राष्ट्रिय योजना आयोग ( National Planning Commission) |
| PMAS | गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (Poverty Monitoring and Analysis System) |
| PMIS | गरिबी अनुगमन सूचना प्रणाली (Poverty Monitoring Information System) |
| SWAp | क्षेत्रगत निक्षेपण नीति (Sector Wide Apporach) |

# अध्याय १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## १.१ परिचय

नेपालको सन्दर्भमा सामाजिक वञ्चितीकरणले सामाजिक विकास क्रमसँगै वर्षौदेखि जातजाति, जनजाति, लिङ्ग, अपाङ्गता, उमेर तथा धर्मका आधारमा विभेद गरिएका कारण पछाडि परेका वा पारिएका समूहहरूको अवस्थालाई चित्रण गर्दछ । सामाजिक वञ्चितीकरणमा परेका समूहहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, उमेर (सोह्र वर्ष मुनिका बालबालिकाहरू र ६० वर्ष माथिका ज्येष्ठ नागरिक), अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई लिइएको छ ।

कानुनी सेवा व्यवस्था वा स्वास्थ्य सेवा प्रणाली जस्ता सार्वजनिक औपचारिक संस्थामा एवम् समुदाय तथा घर-परिवार जस्ता सामाजिक अनौपचारिक संस्थाहरूमा वञ्चितीकरण स्पष्ट रूपमा विद्यमान रहेको देखिन्छ । त्यसै गरी लैङ्गिक सम्बन्धहरू नेपालका सबै सामाजिक समूहहरूमा विभेदका भिन्न-भिन्न परिमाणमा विद्यमान रहेका छन् । सबै महिलाहरूले विभेद भोगिरहेका छन् तर वञ्चित समुदायका महिलाहरूले अझ धेरै प्रकारका विभेद भोगिरहेका छन् ।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक देश हो । प्रत्येक समुदाय, जातजातिहरुको समानुपातिक , सन्तुलित र न्यायसँगत प्रगति हुन सके मात्रै मुलुकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ ।

समाजमा विद्यमान लैङ्गिक, जातीय असमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसा, महिला शोषण तथा उत्पीडन, गरिवी, आदि जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नेपाल सरकारद्धारा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा लैगिक समानता र सामाजिक समावेशीकरणको पक्षमा अभिव्यक्त विभिन्न प्रतिवद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिदै सरकार, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथा नागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी उल्लेख्य कार्यहरु भएका छन् ।

नेपालको अन्तरिम संविधान, २०६३ मा राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गत 'महिला, दलित, आदिवासी जनजाति, मधेशी, उत्पीडित, उपेक्षित र अल्पसङ्ख्यक समुदाय, पिछडिएका क्षेत्रलगायतका समस्याहरूलाई सम्बोधन गर्न राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गर्ने प्रावधान छ । साथै राज्य संरचनाका सबै अङ्गहरूमा मधेशी, दलित, आदिवासी जनजाति, महिला, मजदूर, किसान अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीका आधारमा सहभागी गराउने व्यवस्था गरिएको छ । नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्यसमेतमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका मुद्दाहरूलाई प्राथमिकताका साथ सम्बोधन गरिएको छ ।

नेपालमा विगत दुई दशकदेखि क्रमिकरूपमा नीतिगत परिवर्तन र उल्लेख्य सुधारहरू भएका छन् । तथापि विभिन्न सामाजिक समूहका मानिसको विकास सूचकहरूमा र राजनीतिक तथा प्रशासनिक शक्तिको पहुँचमा व्यापक अन्तर रहेको पाइन्छ । महिला, दलित, जनजाति, मधेशी तथा मुस्लिम

समुदाय आर्थिक अवस्था, स्वास्थ्य, शिक्षा, रोजगारीका सूचकहरू र राजनीतिक सहभागितामा पछाडि परेका छन् । जातजाति, जनजाति तथा भौगोलिक स्थानहरू सबैमा नेपालको मानव विकास सूचकाङ्कको आधारबाट महिला तथा बालिकाहरूको अवस्था पुरुष तथा बालकहरूको तुलनामा न्यून रहेको छ । महिला, बालबालिका, पछाडि परेको वर्गहरुको विकासमा नेपाल सरकार, दातृ निकाय र समाजका विभिन्न निकायले उल्लेख्य कार्यहरु गरेता पनि यी वर्गहरुको जीवनमा सारभूत परिवर्तन आउन अझ धेरै बाँकी छ ।

यी विविध तथ्यहरुलाई मध्यनजर राखी महिला, बालबालिका, पछाडि परेको वर्गहरुलाई विकासको मूल प्रवाहमा ल्याई समावेशी विकास गर्न स्थानीय विकास मन्त्रालयले धेरै प्रयास गर्दै आइरेहेको छ । स्थानीय विकास मन्त्रालयले नेपाल सरकारको नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी ढंगबाट संचालन गर्न मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रम तथा आयोजनाहरुको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति एकै किसिमको हुनु पर्नेमा आवश्यक ठानेको छ । स्थानीय विकास मन्त्रालय अन्तर्गतका विभाग, समिति तथा इकाईहरु र दातृ निकायबाट मन्त्रालय अन्तर्गत संचालन कार्यक्रमहरुले आ- आफनो ढंगबाट लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीति र रणनीति बनाई कार्यक्रमहरु कार्यान्वयन गर्दा कार्यक्रममा दोहोरोपना हुने र कार्यान्वयन गर्न अप्ठयारो हुने र कार्यक्रमको प्रभावकारितामा कमी आउने देखिन्छ । अतः स्थानीय विकास मन्त्रालय यस अन्तर्गत विभाग, समिति, आयोग, इकाईबाट संचालन हुने कार्यक्रम / आयोजनाहरुको लागि मार्गदर्शन हुने गरी यस मन्त्रालयले मुख्य लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाउने उद्धेश्य राखी यो नीति तयार गरेको छ । यस नीतिका प्रमुख उपयोगकर्ताहरू स्थानीय विकास मन्त्रालय र अन्तर्गतका विभाग, समिति, आयोग तथा एकाइहरू, मन्त्रालय अन्तर्गतको दातृ निकायको सहयोगमा संचालन भएका कार्यक्रम, स्थानीय निकाय (जिल्ला विकास समिति, नगरपालिका, गाविस) र समुदायस्तरका संस्थाहरू हुनेछन् । साथै स्थानीय स्तरमा सरकारी र गैरसरकारी निकायहरुले समन्वयात्मक रुपमा यो नीतिको कार्यान्वयन गर्न सक्नेछन् ।

## १.२ दीर्घकालीन सोंच - (Vision)

जातीय, क्षेत्रीय र लैंगिक भेदभाव मुक्त समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

## १.३ लक्ष्य (Goal)

लैंगिक तथा सामाजिक समतामूलक विकासको माध्यमबाट लैङ्गिक तथा सामाजिक सम्वन्धमा सुधार ल्याई गरिबी न्यनीकरण गर्ने ।

## १.४ उद्देश्य (Objective)

- स्थानीय विकास मन्त्रालय अन्तर्गत शाखा, महाशाखा, विभाग, समिति, आयोग, इकाईहरुलाई संस्थागत एवम् कार्यक्रमगत रुपमा लैंङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील हुन अभिप्रेरित गर्ने ।
- संस्थागत एवम् कार्यक्रमगत रूपमा समावेश गर्ने गरी लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी अवधारणालाई स्थानीय निकायहरुको कार्यक्रम/आयोजनहरुबाट सुनिश्चित एवं प्रभावकारी रूपमा लागू गर्ने;
- महिला, बालबालिका, गरिब तथा वञ्चित समूहका मानिसहरूको आवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशील, उत्तरदायी, जबाफदेही हुन सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने;

- सरोकारवालाहरूलाई वार्षिक/आवधिक योजना, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका विषयमा संवेदनशील, उत्तरदायी, जफावदेही हुन अभिप्रेरित गर्ने ।
- स्थानीय जनता विशेष गरी महिला, बालबालिका, गरिब तथा वञ्चितीकरणमा परेका समूहका मानिसहरूको क्षमता विकास गरी यी वर्गहरुको स्थानीय तहको विकास प्रक्रियामा सक्रिय सहभागिता सुनिश्चित गरी समावेशी विकास प्रक्रियालाई संस्थागत गर्ने ।

यो नीति र रणनीतिको कार्यान्वयनले लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई स्थानीय निकायहरुको कार्यक्रममा दिगो रूपमा मूलप्रवाहीकरण गर्न मद्दत गर्नेछ ।

## १.५ प्रमुख नीतिहरु

- पछाडि परेका वा पारिएका वर्ग, समुदाय र क्षेत्रका जनताको विकासका लागि कार्यक्रमहरुलाई कार्यान्वयन गरी समानुपातिक विकास गरिनेछ ।
- विकासलाई सामाजिक समावेशीकरण र लैंङ्गीकीकरण गरिदै लगिनेछ ।
- महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, उत्पीडित, विपन्न वर्ग, अपाङ्ग तथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागितातर्फ कार्य गरिनेछ ।
- महिला, बालबालिका, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, विपन्न वर्ग तथा पिछडिएको वर्गहरुको सशक्तीकरण गर्दै लगिनेछ ।
- महिला, बालबालिका, आदिबासी जनजाति, मानव अधिकारलगायतका क्षेत्रमा नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्रसंघ तथा अन्तर्राष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

## १.६ रणनीति **(Strategy)**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण एकांगी रूपमा हुन सक्तैन । यसका लागि विकेन्द्रित शासन प्रणाली, कुशल सेवा प्रवाह र संस्थागत संयन्त्रको आवश्यकता पर्दछ । विकेन्द्रीकरण, सहभागितात्मक विकास र सामाजिक वहसकै प्रक्रियाबाट लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न सकिन्छ । यस रणनीतिमा स्थानीय निकायका कार्यक्रमको समग्र संरचना र कार्यक्रमले सुधार गर्न चाहेको क्षेत्र भित्र पर्ने कार्यप्रणालीलाई अरु बढी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन आवश्यक व्यवस्था गरेको छ ।

स्थानीय शासनका लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिहरु निम्न बमोजिम हुनेछन् :

१. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने ।

२ स्थानीय तहमा विद्यमान लैङ्गिक तथा सामाजिक विभेद कम गर्न सामुदायिक सचेतना र सशक्तीकरणको निमित्त सामुदायिक संस्थाहरु (महिला, बञ्चितीकरणमा परेका वर्गहरुको समुह, पारा लिगल, फेडरेसन, बाल क्लब र निगरानी समुह आदि) को परिचालन गरी लैङ्गिक तथा सामाजिक भेदभाव न्यूनीकरण गर्ने । बञ्चितीकरणमा परेका वर्गहरुको क्षमता अभिवृद्धि गरी स्थानीय सरकारमा समावेशी विकास पक्रियालाई संस्थागत गर्ने ।

३ स्थानीय सरकारहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।

४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुबैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वयन गर्ने ।

५ स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रक्रिया लैंगिक तथा सामाजिक समावेशी मैत्री हुने गरी सुधार गर्ने ।

६ स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको लैससासको दृष्टिकोणबाट पुनरावलोकन तथा विकासमा जोड दिने ।

७ स्थानीय सरकारहरूका लागि उपयुक्त सहयोग प्रदान गर्न केन्द्रीय सरकार तथा राष्ट्रिय तहका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।

***१. स्थानीय शासन प्रक्रियामा सबै सामाजिक समूहका नागरिकहरूको अधिकाधिक सहभागिता सुनिश्चित गर्न देहायबमोजिमका संस्थागत संयन्त्र, प्रतिनिधित्व प्रणाली र कार्यक्षेत्रगत शर्त निर्धारण गर्ने :***

**(क) गाविस तह**

गाविस अनुदान सञ्चालन कार्यविधि, २०६५ मा एकीकृत योजना तर्जुमा समिति (एयोस) मा गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू तथा महिला, बाल क्लब, दलित एवम् आदिवासी जनजाति सङ्गठनहरूबाट प्रतिनिधित्व हुनुपर्ने र महिलाहरूको ३३ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने व्यवस्था छ । साथै योजना तर्जुमा तथा कार्यान्वयनमा वञ्चितीकरणमा परेका समूहलगायत सरोकारवाला सबैको अझ फराकिलो सहभागिता रहने गरी वडा र गाविस दुबै स्तरमा नागरिक मञ्चको व्यवस्था गरिनेछ ।

| एकाइ | संस्थागत संयन्त्र | प्रतिनिधित्व |
|---|---|---|
| गाविस | सुपरिवेक्षण तथा अनुगमन समिति | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम गठन गरिने यस समितिमा सबै राजनीतिक दल, गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका दलित, आदिवासी जनजाति, मधेसी, मुस्लीम सेवाग्राही, स्थानीय पत्रकार र गैरराजनीतिक स्थानीय सामाजिक कार्यकर्ताहरू जस्ता नागरिक समाजका |

| एकाइ | संस्थागत संयन्त्र | प्रतिनिधित्व |
|---|---|---|
| | | सरोकारवालाहरूको प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ । |
| गाविस | एकीकृत योजना तर्जुमा समिति (एयोस) | ● महिला, बालबालिका तथा अन्य वञ्चित समूहका मानिसहरूले एयोसमा आफ्ना प्रतिनिधिहरू आफै छान्ने व्यवस्था गरिनेछ ।<br>● गाविसका सबै महिला सङ्गठनहरूको तर्फबाट छनौट गरी एयोसमा प्रतिनिधित्व गर्ने प्रक्रिया निर्धारण गरिनेछ ।<br>● गैरसरकारी संस्था, सामुदायिक संस्था, दलित तथा आदिवासी जनजाति सङ्गठनहरूले एयोसमा आफ्नो प्रतिनिधि पठाउनका लागि पनि छनौट विधि तय गरिनेछ ।<br>● वञ्चितीकरणमा परेको अनुभव गरेका मुस्लिम तथा मधेशीलगायतका अन्य समुदायका मानिस गाविसमा बसोवास गरिरहेका छन् भने एयोसमा त्यस्ता समुदायको पनि प्रतिनिधित्व हुने तथा त्यसरी प्रतिनिधि पठाँउदा सम्बन्धित समुदायका व्यक्तिहरूको भेलाबाट छनौट गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ । |
| | गाउँ नागरिक मञ्च (गानाम) | ● गाउँ नागरिक मञ्चमा प्रत्येक वडा नागरिक मञ्चका साथै गाविसस्तरमा सङ्गठित समुदायमा आधारित सबैथरी संस्था, अधिकारकर्मी, बालबालिका सञ्जाल लगायत सरोकारवालाहरू मध्येबाट साधारणतया ३० देखि ४५ जनासम्म प्रतिनिधि रहने व्यवस्था गरिनेछ ।<br>● गैरसरकारी संस्था, सामुदायिक संस्था,महिला, बाल बालिका, दलित तथा आदिवासी जनजाति सङ्गठनहरूले गाउँ नागरिक मञ्चमा आफ्नो प्रतिनिधि पठाउनका लागि छनौट विधि तय गरिनेछ ।<br>● गाउँ नागरिक मञ्चमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>● गाउँ नागरिक मञ्चको अध्यक्षता गाविस अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्तिले गर्नेछ । |

| | | |
|---|---|---|
| वडा | वडा नागरिक मञ्च (वनाम) | ● वडा नागरिक मञ्चमा वडाभित्रका सबै |

| | | |
|---|---|---|
| | | वञ्चितीकरणमा परेका विभिन्न समूह, समुदायमा आधारित सबैथरी संस्था, अधिकारकर्मी, बाल बालिका सञ्जाल लगायत सरोकारवालाहरू मध्येबाट साधारणतया ३० देखि ४५ जनासम्म प्रतिनिधि रहने व्यवस्था गरिनेछ ।<br>● गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बाल बालिका, दलित तथा आदिवासी जनजाति सङ्गठनहरूले वडा नागरिक मञ्चमा आफ्नो प्रतिनिधि पठाउनका लागि पनि छनौट विधि तय गरिनेछ ।<br>● वडा नागरिक मञ्चमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>● वडा नागरिक मञ्चको अध्यक्षता वडा अध्यक्ष वा वडा अध्यक्षको काम गर्न तोकिएको व्यक्तिले गर्नेछ ।<br>● कुनै समूहमा नपरी छुट भएका मानिसहरूका लागि सामाजिक परिचालकको सहयोगबाट एक छुट्टै समूह खडा गरी वडा नागरिक मञ्चमा प्रतिनिधित्व गराउने व्यवस्था मिलाइनेछ । |

वडा नागरिक मञ्च, गाउँ नागरिक मञ्च र एकीकृत योजना तर्जुमा समितिको कार्यक्षेत्र निम्नानुसार हुनेछ :

| **एकाइ** | **कार्यक्षेत्र** |
|---|---|

| | |
|---|---|
| वडा नागरिक मञ्च | ▪ कार्यक्रमहरूको तर्जुमा तथा प्राथमिकतामा गरिब र वञ्चितीकरणमा परेका व्यक्तिहरू लगायत सबै उमेरका महिला एवम् पुरुषको सक्रिय सहभागिता गरी आवाजको सुनिश्चितता गराउने ।<br>▪ गाउँ नागरिक मञ्च तथा सुपरिवेक्षण तथा अनुगमन समितिलाई अनुगमनका लागि आफ्नो गाउँमा महिला एवम् वञ्चितीकरणमा परेका व्यक्तिहरूको स्थिति -जस्तै (लैङ्गिकतामा आधारित हिंसा, पोषण तथा प्रजनन स्वास्थ र विभेदयुक्त प्रचलनहरू) बारे सूचना प्रदान गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृष्टि राखी योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने ।<br>▪ महिला बाल-बालिका तथा बञ्चितिकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कत्तिको लाभान्वित भएका छन भनेर अनुगमन गर्ने र वडामा सञ्चालन भइरहेका विभिन्न आयोजनाहरूको समन्वयमा सहजकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास संवेदनशील मापदण्ड एवम् प्रक्रियामा आधारित उपयुक्त प्राथमिकीकरणको विधिलाई उपयोगमा ल्याउने ।<br>▪ योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना कत्तिको समावेश हुन सक्यो हेर्ने<br>▪ गाउँ नागरिक मञ्चका लागि प्रतिनिधिहरू पठाउने। |
| गाउँ नागरिक मञ्च | ▪ वडाबाट महिला, बालबालिका तथा वञ्चितीकरणमा परेकाहरुका लागि छनौट भएका योजनाहरू माथि मञ्चका सदस्य तथा नागरिकसँग खुल्ला छलफल गर्ने ।<br>▪ सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबाट आएको प्राथमिकता सहितको योजना प्रस्ताव एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने । योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नु भन्दा अगाडी योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना योजनामा कत्तिको समावेश हुन सकेको छ हेर्ने । योजना कल्याणकारी खालको मात्र छ कि रणनैतिक आवश्यकता पूरा गर्ने खालको छ त्यो पनि हेरी प्राथमिकता निर्धारण गर्ने ।<br>▪ गाउँ परिषद्मा प्रस्तावित योजना/कार्यक्रमहरू एकीकृत समितिले पेश गरे अनुरूप भए नभएको सुनिश्चित गर्ने ।<br>▪ सञ्चालित योजना/कार्यक्रमको अनुगमनमा सहयोग पुऱ्याउने । अनुगमन गर्दा सञ्चालित कार्यक्रमबाट महिला, बालबालिका तथा बञ्चितिकरणमा परेकाहरु कतिको लाभान्वित भएको छ एकिन गर्ने ।<br>▪ वडा नागरिक मञ्चसँग समन्वय गरी स्थानीय निकायहरूमा नागरिकहरूलाई सक्रिय सहभागी गराई आवाज सुनुवाइ हुने व्यवस्था मिलाउने ।<br>▪ विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका कार्यक्रम तथा आयोजनाहरूमा लैससास संवेदनसील बनाउन वकालत (Advocacy) गर्ने ।<br>▪ कार्यक्रमहरूमा दोहोरोपना आएमा वा जनसरोकार बाझिएमा विभिन्न निकायहरूबीच मध्यस्थता गराउने ।<br>▪ अति आवश्यक क्षेत्र र मानिसहरूका लागि विषयगत निकायहरूबाट सेवाको |

| | |
|---|---|
| | प्रावधान गर्न सहजीकरण गर्ने ।<br>▪ आर्थिक रूपले गरिब र सामाजिक रूपले विभेद गरिएका मानिसहरूको पहिचान गर्न समुदायको सहभागितामा विपन्नता स्तरीकरण जस्ता विधिहरूको अवलम्बनमा सुनिश्चितता ल्याउने ।<br>▪ गाविसको कार्यक्रम तथा बजेट तर्जुमाका साथै क्षेत्रगत सेवाहरूको व्यवस्थाका लागि उपयुक्त खण्डीकृत तथ्याङ्क एवम् सूचनाहरू जुटाउन वडा नागरिक मञ्चहरूसँग समन्वय गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृष्टि राखी योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने । |
| एकीकृत योजना तर्जुमा समिति | ▪ समावेशी योजना तर्जुमा प्रक्रिया र प्राथमिकताक्रम निर्धारण गरिएका योजनाहरू गाउँ परिषद्मा प्रस्तुत गरिएको सुनिश्चित गर्ने ।<br>▪ योजना प्राथमिकता गर्दा महिला, बाल-बालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना योजनामा कतिको समावेश हुन सकेको छ हेर्ने । योजना कल्याणकारी खालको मात्र छ कि रणनैतिक आवश्यकता पुरा गर्ने खालको छ त्यो पनि हेरी प्राथमिकता निर्धारण गर्ने । लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरूको तर्जुमा गर्ने ।<br>▪ सहभागितामूलक तवरबाट प्राप्त हुन आएका योजनाहरूलाई प्राथमिकीकरण गरी सूचीकृत गर्ने ।<br>▪ प्राप्त हुन आएका योजनाहरूलाई क्षेत्रगत रुपमा छुट्टयाई समूहीकृत गर्ने ।<br>▪ गाउँ विकास समितिले निर्धारण गरेका प्राथमिकताका आधारमा प्राप्त योजनाहरूलाई बजेट सीमा भित्र रही प्राथमिकीकरण गरी गाउँ विकास समितिमा सिफारिस गर्ने ।<br>▪ गाउँ नागरिक मञ्चसँग समन्वय गरी स्थानीय निकायहरूमा नागरिकहरूको आवाज सुनुवाइ हुने कुरा सुनिश्चित गर्ने<br>▪ अनुभवबाट आर्जित ज्ञानको प्रबर्द्धन गर्ने । |
| सुपरिवेक्षण तथा अनुगमन समिति | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम ६९ को उपनियम (२), (३), (४) अनुसार हुनेछ ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने ।<br>▪ महिला, बालबालिका तथा बञ्चितिकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कतिको लाभान्वित भएका छन भनेर अनुगमन गर्ने । |

वनाम, गानाम तथा एयोसका बैठकहरू चौमासिक रूपमा बस्नेछन् र बैठकका निर्णयहरू अभिलेखमा राखी महिला, बालबालिका तथा बञ्चितिकरणमा परेका वर्गहरुको प्रगति प्रतिवेदन गाविसमा पेश गरिनेछ ।

**अनुगमनमा समुदायको सहभागिता**

- स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम आयोजनाको सुपरिवेक्षण तथा अनुगमन समिति मार्फत गाउँ विकास योजनाको अनुगमन र सुपरिवेक्षण गरिनेछ । साथै यस समितिमा सबै दलका प्रतिनिधिहरू, गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति र स्थानीय सामाजिक कार्यकर्ताहरू जस्ता नागरिक समाजका सरोकारवालाहरूको प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ ।
- गाविसको खर्च र कार्य प्रगतिको अनुगमन कार्यमा गाउँ नागरिक मञ्चका सदस्यहरूको प्रतिनिधित्व गराई सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ, 'सिटिजन स्कोर कार्ड' र अनुगमनका अन्य विधिहरू प्रयोगमा ल्याइनेछन् । गाविस तहमा सम्पूर्ण समुदायका महिला तथा पुरुषहरूको सहभागितामा वर्षको दुई पटक सार्वजनिक सुनुवाइ हुने व्यवस्था गरिनेछ ।

**(ख) नगरपालिका तह**

**टोल विकास संस्था**

प्रत्येक वडामा टोल-टोलका सबै घर-परिवारहरूलाई समेट्ने गरी टोल तहको सामुदायिक संस्था गठन गरिनेछ । टोल विकास संस्था विद्यमान भएको टोलमा सोलाई नै सुदृढ गर्दै लगिनेछ र नभएको टोलमा नयाँ गठन गरिनेछ । टोल विकास संस्थाहरूको कार्यक्षेत्र गाविस अन्तर्गत वडा नागरिक मञ्चहरूको जस्तै हुनेछ ।

| एकाइ | संस्थागत संयन्त्र | प्रतिनिधित्व |
|---|---|---|
| नगरपालिका | सुपरिवेक्षण तथा अनुगमन समिति | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम गठन गरिने यस समितिमा सबै राजनीतिक दल, गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, सेवाग्राही, स्थानीय पत्रकार र गैरराजनीतिक स्थानीय सामाजिक कार्यकर्ताहरू जस्ता नागरिक समाजका प्रमुख सरोकारवालाहरूको प्रतिनिधित्व रहने व्यवस्था मिलाइनेछ |

| एकाइ | संस्थागत संयन्त्र | प्रतिनिधित्व |
|---|---|---|
| नगरपालिका | एकीकृत योजना तर्जुमा समिति (एयोस) | • महिला, बालबालिका तथा अन्य वञ्चित समूहका मानिसहरूले एयोसमा आफ्ना प्रतिनिधिहरू आफै छान्ने व्यवस्था गरिनेछ ।<br><br>• नगरपालिकाका सबै महिला सङ्गठनहरूको तर्फबाट छनौट गरी एयोसमा प्रतिनिधित्व गर्ने प्रक्रिया निर्धारण गरिनेछ ।<br><br>• गैरसरकारी संस्था, सामुदायिक संस्था, दलित तथा आदिवासी जनजाति सङ्गठनहरूले एयोसमा आफ्नो प्रतिनिधि पठाउनका लागि पनि छनौट विधि तय गरिनेछ ।<br><br>• वञ्चितीकरणमा परेको अनुभव गरेका मुस्लिम तथा मधेशीलगायतका अन्य समुदायका मानिस नगरपालिकामा बसोवास गरिरहेका छन् भने एयोसमा त्यस्ता समुदायको पनि प्रतिनिधित्व हुने तथा त्यसरी प्रतिनिधि पठाँउदा सम्बन्धित समुदायका व्यक्तिहरूको भेलाबाट छनौट गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ । |
| | नगर नागरिक मञ्च (ननाम) | • नगर नागरिक मञ्चमा प्रत्येक वडा नागरिक मञ्चका साथै नगरपालिकास्तरमा सङ्गठित समुदायमा आधारित सबैथरी संस्था, अधिकारकर्मी लगायत सरोकारवालाहरू मध्येबाट साधारणतया ३० देखि ४५ जनासम्म प्रतिनिधि रहने व्यवस्था गरिनेछ ।<br>• गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति सङ्गठनहरूले नगर नागरिक मञ्चमा आफ्नो प्रतिनिधि पठाउनका लागि छनौट विधि तय गरी पठाउनु पर्नेछ।<br>• नगर नागरिक मञ्चमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>• नगर नागरिक मञ्चको अध्यक्षता नगरपालिकाका अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्तिले गर्नेछ । |

| | | |
|---|---|---|
| वडा | वडा नागरिक मञ्च (वनाम) | • वडा नागरिक मञ्चमा वडाभित्रका सबै वञ्चितीकरणमा परेका विभिन्न समूह, समुदायमा आधारित सबैथरी संस्था, अधिकारकर्मी लगायत सरोकारवालाहरू |

| | | |
|---|---|---|
| | | मध्येबाट साधारणतया ३० देखि ४५ जनासम्म प्रतिनिधि रहने व्यवस्था गरिनेछ ।<br>● गैरसरकारी संस्था, सामुदायिक संस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति सङ्गठनहरूले वडा नागरिक मञ्चमा आफ्नो प्रतिनिधि पठाउनका लागि पनि छनौट विधि तय गरिनेछ ।<br>● वडा नागरिक मञ्चमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।<br>● वडा नागरिक मञ्चको अध्यक्षता वडा अध्यक्ष वा वडा अध्यक्षको काम गर्न तोकिएको व्यक्तिले गर्नेछ ।<br>● कुनै समूहमा नपरी छुट भएका मानिसहरूका लागि एक छुट्टै समूह सामाजिक परिचालकको सहयोगबाट खडा गरी वडा नागरिक मञ्चमा प्रतिनिधित्व गराउने व्यवस्था मिलाइनेछ । |

वडा नागरिक मञ्च, नगर नागरिक मञ्च र एकीकृत योजना तर्जुमा समितिको कार्यक्षेत्र निम्नानुसार हुनेछ :

| एकाइ | कार्यक्षेत्र |
| --- | --- |
| वडा नागरिक मञ्च | ▪ कार्यक्रमहरूको तर्जुमा तथा प्राथमिकतामा गरिब र वञ्चितीकरणमा परेका व्यक्तिहरू लगायत सबै उमेरका महिला एवम् पुरुषको आवाजको सुनिश्चितता गराउने ।<br>▪ नगर नागरिक मञ्च तथा सुपरिवेक्षण तथा अनुगमन समितिलाई अनुगमनका लागि आफ्नो नगरमा महिला एवम् वञ्चितीकरणमा परेका व्यक्तिहरूको स्थिति -जस्तै- लैङ्गिकतामा आधारित हिंसा, पोषण तथा प्रजनन स्वास्थ र विभेदयुक्त प्रचलनहरू) बारे सूचना प्रदान गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको दृष्टि राखी योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने ।<br>▪ महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कत्तिको लाभान्वित भएका छन भनेर अनुगमन गर्ने र वडामा सञ्चालन भइरहेका विभिन्न आयोजनाहरूको समन्वयमा सहजकारी भूमिका निर्वाह गर्ने ।<br>▪ लैससास संवेदनशील मापदण्ड एवम् प्रक्रियामा आधारित उपयुक्त प्राथमिकीकरणको विधिलाई उपयोगमा ल्याउने ।<br>▪ योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना कत्तिको समावेश हुन सक्यो हेर्ने ।<br>▪ नगर नागरिक मञ्चका लागि प्रतिनिधिहरू पठाउने । |

| | |
|---|---|
| नगर नागरिक मञ्च | ▪ वडाबाट छनौट भएका महिला, बालबालिका र वञ्चितीकरणमा परेकाहरुका योजनाहरू माथि मञ्चका सदस्य तथा नागरिकसँग खुल्ला छलफल गर्ने ।<br>▪ सहभागितात्मक योजना तर्जुमा प्रक्रियाबाट आएको प्राथमिकता सहितको योजना प्रस्ताव एकीकृत योजना तर्जुमा समितिमा पेश गर्ने । योजनाहरु एकीकृत योजना तर्जुमा समितिमा पेश गर्नु पूर्व योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरुको आवश्यकता र चाहना योजनामा कतिको समावेश हुन सकेको छ हेर्ने । योजना कल्याणकारी खालको मात्र छ कि रणनैतिक आवश्यकता पुरा गर्ने खालको छ त्यो पनि हेरी प्राथमिकता निर्धारण गर्ने ।<br>▪ नगर परिषद्मा प्रस्तावित योजना/कार्यक्रमहरू एकीकृत समितिले पेश गरे अनुरूप भए, नभएको सुनिश्चित गर्ने ।<br>▪ सञ्चालित योजना/कार्यक्रमको अनुगमनमा सहयोग पुऱ्याउने । अनुगमन गर्दा सञ्चालित कार्यक्रमबाट महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरु कतिको लाभान्वित भएको छन् एकिन गर्ने ।<br>▪ वडा नागरिक मञ्चसँग समन्वय गरी स्थानीय निकायहरूमा नागरिकहरूलाई सक्रिय सहभागी गराई आवाज सुनुवाइ हुने व्यवस्था मिलाउने ।<br>▪ विभिन्न सरकारी निकाय तथा गैरसरकारी संस्थाहरूका कार्यक्रम तथा आयोजनाहरूमा लैससास संवेदनसील बनाउन वकालत (Advocacy) गर्ने ।<br>▪ कार्यक्रमहरूमा दोहोरोपना आएमा वा जनसरोकार बाझिएमा विभिन्न निकायहरूबीच मध्यस्थता गराउने ।<br>▪ अति आवश्यक क्षेत्र र मानिसहरूका लागि विषयगत निकायहरूबाट सेवाको प्रावधान गर्न सहजीकरण गर्ने ।<br>▪ सञ्चालनमा रहेका विकास गतिविधि एवम् परिचालन सम्बन्धी कार्यक्रमहरूको नगरपालिकातहको विवरण तयार गर्न सहयोग गर्ने ।<br>▪ आर्थिक रूपले गरिब र सामाजिक रूपले विभेद गरिएका मानिसहरूको पहिचान गर्न समुदायको सहभागितामा सम्पन्नता स्तरीकरण जस्ता विधिहरूको अवलम्बनमा सुनिश्चितता ल्याउने ।<br>▪ नगरपालिकाको कार्यक्रम तथा बजेट तर्जुमाका साथै क्षेत्रगत सेवाहरूको व्यवस्थाका लागि उपयुक्त तथ्याङ्क एवम् सूचनाहरू जुटाउन वडा नागरिक मञ्चहरूसँग समन्वय गर्ने ।<br>▪ सामुदायिक सहजकर्ता र सामाजिक/नागरिक परिचालकको कार्यसम्पादन समीक्षा गर्न सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने । |

| | |
|---|---|
| एकीकृत योजना तर्जुमा समिति | नगरपालिका स्तरमा पनि एकीकृत योजना तर्जुमा समिति गठन गर्ने व्यवस्था मिलाइनेछ । यस समितिमा वडा नागरिक मञ्च र विभिन्न सञ्जालबाट पठाइएका सदस्यहरूको प्रतिनिधित्व हुनेछ । यसका जिम्मेवारीहरू निम्नानुसार हुनेछन् :<br>• नगरपालिकाका गरिब, महिला एवम् वञ्चित समूहको सरोकारका कार्यका लागि बजेट छुट्याउन प्रस्ताव गर्ने ।<br>• योजना प्राथमिकता गर्दा महिला, बालबालिका र बञ्चितीकरणमा परेकाहरुको आवश्यकता र चाहना योजनामा कतिको समावेश हुन सकेको छ हेर्ने । योजना कल्याणकारी खालको मात्र छ कि रणनैतिक आवश्यकता पुरा गर्ने खालको छ त्यो पनि हेरी प्राथमिकता निर्धारण गर्ने । ज्यादै पिछडिएको टोल तथा मानिसहरूको आवश्यकतालाई प्राथमिकता दिई योजना र बजेट तर्जुमा गर्न सहयोग गर्ने ।<br>• लैससासको पक्षबाट योजनाहरु समावेश भए नभएको यकीन गर्ने ।<br>▪ वडा नागरिक मञ्चसँग समन्वय गरी स्थानीय निकायहरूमा नागरिकहरूको आवाज सुनुवाइ हुने व्यवस्था मिलाउने ।<br>▪ समावेशी योजना तर्जुमा प्रक्रिया र प्राथमिकताक्रम निर्धारण गरिएका योजनाहरू नगर परिषद्मा प्रस्तुत गरिएको सुनिश्चित गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरूको तर्जुमा गर्ने ।<br>▪ सहभागितामूलक तवरबाट प्राप्त हुन आएका योजनाहरूलाई प्राथमिकीकरण गरी सूचीकृत गर्ने ।<br>▪ प्राप्त हुन आएका योजनाहरूलाई क्षेत्रगत रुपमा छुट्टयाई समूहीकृत गर्ने ।<br>▪ नगर नागरिक मञ्चसँग समन्वय गरी स्थानीय निकायहरूमा नागरिकहरूको आवाज सुनुवाइ हुने कुरा सुनिश्चित गर्ने<br>▪ नगरपालिकाले निर्धारण गरेका प्राथमिकताका आधारमा प्राप्त योजनाहरूलाई बजेट सीमा भित्र रही प्राथमिकीकरण गरी नगरपालिकामा सिफारिस गर्ने । |
| सुपरिवेक्षण तथा अनुगमन समिति | स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम गठन गरिने यस समितिमा महिला, बञ्चित समूह, पत्रकार र राजनीतिक दलका पदाधिकारी लगाएतका प्रमुख सरोकारवालहरूको प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ । यस समितिको कार्यक्षेत्र नियम १३९ को उपनियम (२), (३) र (४) बमोजिम हुनेछ ।<br>▪ लैससासको दृष्टिकोणबाट सकारात्मक विभेदको मान्यता राखी योजनाहरूको कार्यान्वयनमा समन्वय गर्नुका साथै अनुगमन गर्ने ।<br>▪ महिला, बालबालिका र बञ्चितिकरणमा परेकाहरु कार्यक्रम कार्यान्वयनबाट कतिको लाभान्वित भएका छन भनेर अनुगमन गर्ने । |

वनाम, ननाम तथा एयोसका बैठकहरू चौमासिक रूपमा बस्नेछन् र बैठकबाट महिला, बालबालिका र बञ्चितिकरणमा परेका वर्गहरुको हितमा भएका निर्णयहरु अभिलेखमा राखी प्रगति प्रतिवेदन नगरपालिकामा पेश गरिनेछन् ।

**(ग) जिविस तह**

**लैससास कार्यान्वयन समिति**

जिविसको सामाजिक समिति अन्तर्गत रहने गरी लैससास कार्यान्वयन समिति गठन गरिनेछ । यस समितिको अध्यक्षमा स्थानीय विकास अधिकारी र उपाध्यक्षमा महिला विकास अधिकृत रहने व्यवस्था गरिनेछ । यस समितिको सचिवालय जिविसको सामाजिक विकास एकाइ हुने र सदस्य-सचिवमा सामाजिक विकास अधिकृत रहने व्यवस्था गरिनेछ । यस समितिको गठनमा निम्नानुसारका प्रतिनिधिहरू हुनेछन् :

- जिल्ला स्तरीय दलित तथा आदिवासी जनजाति समन्वय समितिहरू प्रत्येकबाट एक-एक जना र लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिबाट एक जना ।
- मुस्लिम, मधेशी तथा अपाङ्गता भएका व्यक्तिहरू जस्ता वञ्चितीकरणमा परेका अन्य समूहहरूबाट एक-एक जना ।
- जिल्लामा दर्ता भएका र महिला तथा समावेशी/सशक्तीकरणमा कार्य गरिरहेका गैरसरकारी संस्थाहरू मध्येबाट एक जना ।
- बाल क्लबहरूमध्येबाट एक जना ।
- सामाजिक परिचालन हेर्ने जिविसको एकाइ/शाखाको एक जना ।
- जिविसको योजना, अनुगमन तथा मूल्याङ्कन शाखाको एक जना र
- विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयका लैङ्गिक सम्पर्क व्यक्तिहरू ।

यस लैससास कार्यान्वयन समितिको बैठक चौमासिक रुपमा माथि उल्लेखित सरोकारहरुलाई समेटी बस्नेछ । बैठकबाट महिला, बालबालिका र बञ्चितीकरणमा परेका वर्गहरुको हितमा भएका निर्णयहरु अभिलेखमा राखी प्रगति प्रतिवेदन जिल्ला विकास समितिमा पेश गरिनेछन् ।

लैससास कार्यान्वयन समितिको कार्यक्षेत्र निम्नानुसार हुनेछ :

| **एकाइ** | **कार्यक्षेत्र** |
|---|---|
| लैससास कार्यान्वयन समिति | ▪ आवधिक तथा वार्षिक योजना, कार्यक्रम तथा बजेटमा लैससासका विषयहरु समावेश गर्न सरोकारवालाहरुलाई सहयोग गर्ने ।<br>▪ जिल्लामा प्रारम्भ भएका विकास प्रयासहरू र महिला, बालबालिका र वञ्चितीमा परेका समूहहरूको तथ्याङ्क उपलब्ध गराउने एवम् विश्लेषण गर्ने ।<br>▪ योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन कार्यका लागि खण्डीकृत ढाँचा तयार गर्ने । योजनामा लैङ्गिक र सामाजिक समावेशीकरणका सूचकहरु राख्ने ।<br>▪ लैससासको मूलप्रवाहीकरणका लागि उपयोगी विधि एवम् प्रक्रियाहरूको पहिचान गर्न विकास साझेदारहरूको क्षमता विकास गरी सहजीकरण गर्ने ।<br>▪ जिल्ला सूचना केन्द्रसँग समन्वय गरी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्ने ।<br>▪ स्थानीय निकायको नियमित रूपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्न सहजीकरण गर्ने ।<br>▪ जिल्लाको वार्षिक योजना, कार्यक्रम कार्यान्वयन, बजेट बाँडफाँड तथा खर्चको लेखाजोखा लैससासको दृष्टिकोणबाट हुने गरी कार्यक्रम तथा बजेटको समीक्षा र लाभ विश्लेषण गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट जिविसको योजना तथा कार्यक्रमको कार्यान्वयन एवम् अनुगमनका लागि नियमित रूपमा प्राविधिक सुझाव दिने ।<br>▪ दलित, जनजाति तथा महिलाहरू जस्ता वञ्चित समूहको सरोकारका विषयलाई सम्बोधन गर्ने जिल्ला तहका विभिन्न कार्यक्रमहरू बीच सहकार्य गराउने प्रयास गर्ने र यस वर्गको विकासको लागि आवश्यक बजेट विनियोजन गर्न वकालत (Advocacy) गर्ने ।<br>▪ महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिमका समितिहरू र लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिबीच समन्वय गर्न सहयोग गर्ने । |

महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम र लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिले विभिन्न घटना र सवालहरूका आधारमा अधिवाचन गर्नेछन् र खबरदारीको भूमिकालाई निरन्तर बढाउनेछन् । जिल्ला स्थित कार्यालयहरूबाट लक्षियत समूहहरूका लागि सञ्चालन गर्ने कार्यक्रम तथा बजेटको प्रभावकारिताका लागि यी समितिले समन्वयका साथै प्रगतिको अनुगमन गर्नेछन् । योजना तर्जुमा गर्ने उद्देश्यका लागि गाविस वा नगरपालिकाहरूका दलित, आदिवासी जनजाति तथा महिलाहरूको यथार्थ स्थिति पहिचान गर्न यी समन्वय समितिहरूले सामुदायिक सङ्गठनहरू, गैरसरकारी संस्थाहरू, महिला समूहहरू र एकीकृत योजना समितिहरूसँग सम्पर्क स्थापित गर्नेछन् । यस्ता समन्वय समितिहरूको बैठक सम्बन्धित निर्देशिका वा गठन आदेशमा उल्लेख भएबमोजिम बस्नेछ ।

**(घ) केन्द्रीय तह**

केन्द्रमा स्थानीय विकास मन्त्रालयअन्तर्गतको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाले समन्वय-बिन्दुको कार्य गर्नेछ । लैससास शाखाका कर्मचारीहरूमा यथाशक्य महिला तथा वञ्चित समूहको प्रतिनिधित्व गराइनेछ । लैससास शाखाको उद्देश्य निम्नानुसार रहेको छ :

- लैससास मूलप्रवाहीकरणका लागि स्थानीय विकास मन्त्रालयका विभाग, विभिन्न महाशाखाहरू, समिति तथा शाखाहरूका साथै स्थानीय निकायहरूलाई प्राविधिक सहयोग दिने ।
- स्थानीय विकास मन्त्रालयका विभिन्न विभाग, महाशाखाहरू तथा शाखाहरूबीच र यसका सरकारी एवम् गैरसरकारी साझेदारहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि समन्वय कायम गराउने ।
- स्थानीय विकास मन्त्रालय र नेपाल सरकारका सम्बन्धित नीतिहरूलाई लैससास संवेदनशील बनाउन सूचनाहरू प्रदान गर्ने ।

लैससास शाखाले निम्नानुसारका विषयहरूलाई समेट्नेछ :

- स्थानीय विकास मन्त्रालय यसका विभाग तथा स्थानीय निकायहरूले अवलम्बन गर्ने लैससास सहयोगी नीतिहरूको सुधार एवम् कार्यान्वयनका लागि सहयोग दिने ।
- स्थानीय विकास मन्त्रालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू बसाल्न सहयोग गर्ने ।
- स्थानीय विकास मन्त्रालय, विभाग, स्थानीय निकायहरू, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजाति महासङ्घ एवम् उपेक्षित उत्पीडित दलित वर्ग विकास समिति जस्ता निकाय तथा समितिहरूमा लैससासका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकास गर्ने ।
- स्थानीय निकायहरुको योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहीकरणका लागि स्थानीय विकास मन्त्रालयका विभाग, विभिन्न महाशाखाहरू एवम् शाखाहरूसँग समन्वय गर्ने ।
- स्थानीय विकास मन्त्रालयबाट गरिने लैससास सम्बद्ध कार्यहरूको प्रभावकारी सम्पादनका लागि विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसँग साझेदारी प्रवर्धन गर्ने ।

उपर्युक्त कार्यहरूका लागि आवश्यक क्षमता एवम् सीपको विकासका लागि क्षमता विकास रणनीति भित्र रहेर एक क्षमता विकास योजना तर्जुमा गरिनेछ ।

## ***२ स्थानीय सरकारमा संलग्न भएका महिला , बालबालिका तथा वञ्चितीकरणमा परेका मानिसहरूको क्षमता अभिवृद्धि गर्ने ।***

### क. वञ्चितीकरणमा परेका व्यक्तिहरूका साथै सर्वसाधारण नागरिकहरू तथा महिलाहरूको ज्ञान अभिवृद्धि गरिनेछ ।

राजनीतिक दलहरू, समुदायका महिला-पुरुषहरू, युवा तथा बालबालिकासँगको निरन्तरको अभिमुखीकरण एवम् अन्तरक्रियाबाट सार्वजनिक वस्तु तथा सेवा सुविधाहरुको पहुँचमा असर गर्ने खास गरी विभेदकारी प्रचलनहरू जस्ता लैससासका सवालहरूमा सचेतना विकास गरिनेछ ।

सामुदायिक रेडियो, सामुदायिक संस्थाहरू, गैरसरकारी संस्थाहरू, बाल क्लबहरू, महिला समूहहरू र युवा क्लबहरू जस्ता विभिन्न माध्यमहरूबाट भिन्न-भिन्न सामाजिक पहिचान भएका महिला तथा

पुरुष समुदायहरूलाई स्थानीय निकायहरू (जिविस, गाविस तथा नगरपालिका) मा उपलब्ध कोष एवम् स्रोतका साथै तिनको स्वीकृत कार्यक्रम र बजेटका सम्बन्धमा जानकारी गराइ यसमा पहुँच बढाउने प्रकृयाहरुबारे स्पष्ट गराइनेछ । स्थानीय निकायको योजना तर्जुमा प्रक्रिया, समय सीमा, महिला तथा वञ्चितीकरणमा परेकाहरूका लागि विद्यमान प्रावधानहरू र स्थानीय निकायहरूको जिम्मेवारीका सम्बन्धमा समुदायलाई सु-सूचित गराउन चेतनामूलक तथा अभिमुखीकरण कार्यक्रमहरू सघन एवम् निरन्तर सञ्चालन गर्ने । प्रशिक्षण विधि, सूचना, शिक्षा तथा सञ्चार सामग्रीहरू, भाषा एवम् समय तालिका महिला तथा वञ्चितीकरणमा परेका मानिसहरूका लागि उपयुक्त हुने आधारमा निर्धारण गर्ने । पहिला अवलम्बन गरिएका सामाजिक परिचालनका प्रयासहरूमा समावेश नभएका विपन्न एवम् वञ्चितीकरणमा परेका मानिसहरूको पहिचान गरी उनीहरूको छुट्टै समूह खडा गर्न वा अन्य समूहहरूसँग संलग्न गराउन लगाउने ।

सामूहिक प्रतिनिधित्व नभएका र खास गरी वञ्चितीकरणमा परेका समुदायहरूसँग सघन रूपले कार्य गर्ने व्यवस्था मिलाइनेछ । यस कार्यबाट शासन प्रक्रियाका बारेमा र साथै स्थानीय निकायहरूले भौतिक पूर्वाधार, क्षेत्रगत सेवाहरू, सार्वजनिक वस्तुको पहुँचमा अवरुद्ध गर्ने विभेदकारी प्रचलन आदि र उनीहरूको आवश्यकता एवम् आकांक्षाका बारेमा समझदारी बढ्नेछ ।

**ख. कार्यक्रम तथा बजेट तर्जुमा र अनुगमनमा महिला तथा वञ्चितीकरणमा परेका समुहहरूको आवाजको सुनिश्चिताका लागि सक्रिय नागरिकका रूपमा उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।**

महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको क्षमता विकास कार्ययोजना तयार गरी लागू गरिनेछ ।

सामाजिक परिचालनको माध्यमबाट महिला, पुरुष र बञ्चितीकरणमा परेको वर्गहरु, वडा नागरिक मञ्च, गाउँ नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समितिका सदस्यहरुको स्थानीय निकाय, सरकारी तथा गैरसरकारी निकायहरुको समावेशी विकास प्रक्रिया, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, तथा अनुगमनको क्षेत्रमा क्षमता अभिवृद्धि गरिनेछ । **"सामाजिक परिचालन निर्देशिका २०६६"** बमोजिम महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको आवाज सुनिश्चितताका लागि सक्रिय नागरिकका रुपमा उनीहरुको क्षमता अभिवृद्धि गरिनेछ । सामाजिक परिचालनको माध्यमबाट महिला तथा वञ्चितीकरणमा परका समूहहरुको सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट स्वीकृत सामाजिक परिचालन निर्देशिका बमोजिम गर्नुपर्नेछ ।

**ग. सञ्जाल, महासङ्घ तथा प्रतिनिधित्वमूलक सङ्गठनहरूको क्षमता अभिवृद्धि गरिनेछ ।**

- विभिन्न सञ्जालहरू, सहकारी संस्थाहरू, अध्यक्ष-व्यवस्थापक भेलाहरू एवम् महासङ्घहरू र समूहहरूको क्षमता विकासमा जोड दिईनेछ । यसबाट यी समूहहरूका प्रतिनिधिहरूले एकीकृत योजना तर्जुमा समितिमा, गाविस, नगरपालिका तथा जिविस परिषद्हरूमा प्राथमिकता सहितको प्रस्ताव प्रस्तुत गरी सहमतिमा ल्याउन सक्नेछन् ।
- गाविस तहका एकीकृत योजना तर्जुमा समितिमा र स्थानीय निकायका अन्य मञ्चहरूमा समुदाय भित्रबाटै आफ्ना प्रतिनिधिहरूको चयन गरी पठाउनका लागि सामुदायिक संस्थाहरूले प्रतिनिधि चयन प्रणाली विकास गर्ने व्यवस्था मिलाइनेछ ।
- प्रतिनिधिमूलक संस्थाहरूले गाविस, नगरपालिका वा जिविसका परिषद्हरूमा छलफल हुने कार्यक्रमहरू समुदाय/वडा तहमा छनौट भएर आए, नआएको सुनिश्चित गराउने परिपाटी बसालिनेछ ।

- विषयगत क्षेत्रका सेवामा समन्वय गर्नका लागि प्रतिनिधिमूलक संस्थाहरूसँग उनीहरूका खास समूहहरूको सामाजिक आर्थिक स्थिति सम्बन्धी तथ्याङ्क उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- आयोजनाहरू छनौट गर्नका लागि आधार मापदण्डहरू पहिचान गर्न उनीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- घ. सामाजिक तहमा विद्यमान लैंङ्गिक तथा सामाजिक हिंसा कम गर्न विभिन्न सरकारी/गैर सरकारी संस्थाहरुको सफल प्रयासलाई मध्य नजर राखी तिनलाई विस्तृत गरिनेछ ।
- यसमा विशेष गरेर लैङ्गिक हिंसा कम गर्न प्यारा लिगल समिति, महिला सशक्तीकरण गर्न सफल महिलाहरुको संघीकरण र विकास (federation) , महिला प्रजनन स्वास्थ्यका समस्या समयमै पहिचान र न्यूनीकरण गर्न बनेका " निगरानी समूह" हरुलाई कार्यक्रम दस्तावेजमा उल्लेख भए बमोजिम गठन, विस्तार र राष्ट्रव्यापी बनाईने छ । यी सामुदायिक संस्थाहरु परिचालन गर्न अन्य साझेदारहरु जस्तै महिला विकास कार्यालय, जिल्ला जनस्वास्थ कार्यालय आदि संग समन्वय गरी क्षमता अभिवृद्धि गरी तिनका प्रतिनिधीत्व विभिन्न तहमा सुनिश्चित गरिनेछ । सार्वजनिक सुनवाई गर्दा तिनले गरेका कार्यहरु र भएका लैंङ्गिक तथा सामाजिक सम्वन्ध सुधार तथा विभिन्न लैससास सूचकहरुमा भएका प्रगति मापन गरिनेछ ।

### *३ स्थानीय सरकारहरुको न्यायोचित एवम् उपयुक्त रुपमा वित्तीय स्रोतहरुमा पहुँच वृद्धि गर्ने ।*

गाविस अनुदान सञ्चालन कार्यविधि, २०६६ को विद्यमान व्यवस्था अनुरूप लैङ्गिक सशक्तीकरण तथा सामाजिक समावेशीकरणलाई बढावा दिन लक्ष्यित कार्यक्रमहरूका लागि अनिवार्य रुपमा २० प्रतिशत छुट्याउनु पर्ने व्यवस्था छ । यस अनुसार विपन्न वर्गका महिलालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरुको लागि न्यूनतम ५ प्रतिशत, विपन्न वर्गका बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने आयोजनाहरुको लागि न्यूनतम ५ प्रतिशत र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वर्गहरुले प्रत्यक्ष फाइदा पाउने आयोजनाहरुको (विपन्न वर्ग , जेष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरु, मधेसी, मुस्लिम र अन्य पिछडावर्ग समेतका लागि न्यूनतम १० प्रतिशत व्यवस्था गरेको छ । तर विपन्न नक्साङ्कनमा अति विपन्न वर्ग ( ग र घ श्रेणी) मा पर्ने तथा बाल मैत्री एवं महिलाहिंसामुक्त गाउँ विकास समिति घोषणा गरी कार्यक्रम संचालन गर्ने गाउँ विकास समितिको हकमा महिला र बालबालिकाको क्षेत्रमा यस्तो सीमा कम्तीमा २५ प्रतिशतसम्म कायम गर्न सकिनेछ भन्ने व्यवस्था कार्यविधिमा गरिएको छ । महिला, बालबालिका एवम् वञ्चित समूहका लागि अहिलेको २० प्रतिशतको गाविस विकास अनुदानको राशि ३० प्रतिशतसम्म वृद्धि गरिनेछ । सोको बाँडफाँड व्यवस्था निम्नानुसार हुनेछ :

- छुट्याइएको ३० प्रतिशत मध्ये १५ प्रतिशत महिला र बालिबालिकाहरूसँग सम्बन्धित निश्चित कार्यक्रमहरूका लागि र बाँकी १५ प्रतिशत वञ्चितीकरणमा परेका समूहहरूका लागि (गाविसमा भएका वञ्चित समूहलाई आधार गरेर) छुट्याइनेछ ।
- गाउँ वा नगर परिषद्मा योजनाको प्रस्ताव पेश गर्नु अगाडि योजनाको सम्भावित लागत, लक्ष्यित समूह र कार्यान्वयन प्रक्रिया अध्ययन गरी सोको विवरण समेत पेश गर्नुपर्ने प्रावधान राखिनेछ ।
- दामासाहीका आधारमा वडा-वडालाई बजेट वितरण नगरी समुदायको आवश्यकता र प्राथमिकता अनुसार अनुदान विनियोजन गरिनेछ ।
- बस्ती हुँदै वडाबाट माग भई आएका योजना/कार्यक्रमको प्रस्तावलाई मात्र लेखाजोखा गरी गाउँ तथा नगर परिषद्बाट पारित गर्ने परिपाटी बसालिनेछ ।

न्यूनतम शर्तहरू पालना गर्न जिविसलाई परिरहेको कठिनाइलाई बिचार गरेर लैससास सम्बन्धी न्यूनतम शर्तहरू मध्ये एउटा मात्र अनिवार्य गरी छलफल तथा दस्तावेजको लेखाजोखाका आधारमा क्रमशः थप न्यूनतम शर्तहरू अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ । स्थानीय निकायले पुँजीगत अनुदानका लागि पालना गर्नुपर्ने न्यूनतम शर्तहरू तथा कार्यसम्पादन मापनमा निम्नलिखित बुँदा थप गरिनेछ :

(१) **जिविसको न्यूनतम शर्तका सूचकहरू**

| | |
|---|---|
| **योजना तथा बजेट तर्जुमा** | ▪ पुँजीगत बजेटबाट कम्तीमा ३५ प्रतिशत महिला, बालबालिका तथा अन्य वञ्चित समूहका योजना/कार्यक्रमका लागि छुट्याउने तथा त्यसरी छुट्याइएको ३५ प्रतिशतमध्ये १० प्रतिशत महिलासँग सम्बन्धित निश्चित कार्यक्रमका लागि, १० प्रतिशत विपन्न बालबालिकालाई प्रत्यक्ष फाइदा पुग्ने योजनाहरुको लागि र बाँकी १५ प्रतिशत वञ्चितीकरणमा परेका समूहहरूका लागि उपयोग हुने व्यवस्था “जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि २०६६” मा उल्लेख भइसकेको हुदा सोही अनुसार जिविसको न्यूनतम शर्तका सूचकहरु मिलाउन आवश्यक देखिन्छ । |

(२) **कार्यसम्पादन मापन (जिविसको कार्यसम्पादनका क्षेत्र, सूचक र पुष्ट्याइँका आधारहरू)**

कार्यसम्पादन मापनका सूचकहरूलाई लैससास संवेदनशील बनाइनेछ । त्यसका लागि पहिलो वर्षमा देहायका व्यवस्था परीक्षणको रूपमा लागू गरी सोको सिकाइका आधारमा आगामी वर्षहरूमा समायोजन गरिनेछ :

| | |
|---|---|
| **(क) योजना तर्जुमा तथा कार्यक्रम व्यवस्थापन क्षमता** | जिविसले गाविस/नगरपालिकालाई लैङ्गिक तथा समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न बजेट सीमा, रणनीतिसँगै गरिबी न्यूनीकरण सम्बन्धी नीति पठाउनु पर्दछ ।<br>▪ कार्यक्रम छनौटका आधार समावेशी (महिला तथा वञ्चित समूहका व्यक्तिहरूलाई प्रत्यक्ष फाइदा दिने) र गरिबमुखी हुनु पर्दछ ।<br>▪ विषयगत समितिहरूमा महिला, दलित, जनजाति तथा अन्य वञ्चित समूहको प्रतिनिधित्व हुनु पर्दछ ।<br>▪ जिविसले लक्ष्यित कार्यक्रम तर्जुमा गर्नुपर्दछ र जिल्लाको वार्षिक योजनामा लैससास संवेदनशील उद्देश्यहरू, सूचकहरु, गतिविधिहरू तथा बजेट व्यवस्था भएको हुनु पर्दछ ।<br>▪ जिविसको योजना तर्जुमा प्रक्रिया बाल मैत्रीपूर्ण हुनु पर्दछ ।<br>▪ उप-समितिहरूमा महिला (सबै सामाजिक समूहहरू) दलित, जनजाति तथा अन्य वञ्चित समूहहरू एवम् नागरिक समाजको प्रतिनिधित्व हुनु पर्दछ र उपसमितिहरूको कार्यविवरणमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई अनुगमन गर्ने जिम्मेवारी प्रष्टसँग उल्लेख गरिएको हुनुपर्दछ ।<br>▪ वार्षिक प्रगति प्रतिवेदनले कार्यक्रम कार्यान्वयनमा देखिएका उपलब्धिहरू तथा कमजोरीहरूलाई उल्लेख गर्दा तथ्याङ्क एवम् सूचनाहरूलाई लैङ्गिक, जातीय, जनजातीय, स्थानगत एवम् गरिबीको आधारमा खण्डीकृतरूपमा प्रस्तुत गर्ने परिपाटी क्रमशः बसालिनेछ । |
| **(ख) बजेट व्यवस्थापन** | ▪ जिविस अनुदानको न्यूनतम ३५ प्रतिशत बजेट महिला, बालबालिका तथा वञ्चितीकरणमा परेका मानिसहरूलाई लक्ष्यित गरी खर्च गरिनेछ ।<br>▪ जिविसका कार्यक्रमहरूको लैङ्गिक बजेट परीक्षण अनिवार्य गराइनेछ र वञ्चितीकरणमा परेका अन्य कम्तिमा तीन वटा समूहहरूको बजेट परीक्षण कार्य अगाडि बढाइनेछ ।<br>▪ संभव भएका ठाउँहरूमा लैङ्गिक र सामाजिक परीक्षण सँगै गर्ने व्यवस्था मिलाइनेछ ।<br>▪ आन्तरिक राजस्व न्यून भएको र वञ्चित समूहका लागि कार्यक्रमहरू प्रस्ताव नगरिएको अवस्थामा वैकल्पिक उपायहरू अवलम्बन गरिनेछन् । |

| | | |
|---|---|---|
| (ग) | **सञ्चार तथा पारदर्शिता** | ▪ महिला तथा वञ्चितीकरणमा परेकाहरूले बुझ्ने गरी यी समूहहरूको प्रतिनिधित्व गर्ने संस्था एवम् सञ्जालहरूको माध्यमबाट कार्यक्रम तथा बजेटको सार्वजनिक जानकारी स्रोतको उपलब्धता अनुसार भिन्न-भिन्न भाषाहरूमा गराइनेछ । कार्यक्रम बजेट, कार्य प्रक्रिया, नियम उल्लेख गरिएको विवरण सरल भाषामा तयार गरी सबै नागरिकलाई उपलब्ध गराइनेछ ।<br>▪ जिल्ला सूचना तथा अभिलेख केन्द्रमा रहेको सूचना तथा अभिलेखलाई विषयगत सूचनाको आधारमा खण्डीकृत रूपमा राखी विश्लेषण गरिने छ । |
| (घ) | **अनुगमन तथा मूल्याङ्कन** | ▪ सुपरिवेक्षण तथा अनुगमन समितिमा महिला तथा वञ्चितीकरणमा परेका समूहहरूको प्रतिनिधित्व निश्चित गराइनेछ ।<br>▪ समितिको कार्यविवरणलाई समावेशीकरण संवेदनशील बनाइनेछ ।<br>▪ मासिक तथा वार्षिक प्रगति विवरणमा महिला तथा वञ्चित समूहको खण्डीकृत तथ्याङ्क राखिनेछ ।<br>▪ प्रभाव मूल्याङ्कनमा महिला एवं वञ्चित समूहको सशक्तीकरणको खण्डीकृत तथ्याङ्क समावेश गरिनेछ ।<br>▪ उपलब्धिहरूको समीक्षा तथा सवाल एवम् चुनौतिहरूको पहिचान गर्दा लैङ्गिक, जातजाति, भौगोलिकता, धार्मिक दृष्टिकोणबाट पनि गरिनेछ । समीक्षाबाट आएका निचोडहरूका बारेमा जिल्ला स्तरीय सम्बन्धित संस्था एवम् सञ्जालहरू, गाविसहरू, नगरपालिकाहरू तथा सरकारी निकायहरूलाई जानकारी गराइनेछ ।<br>▪ स्थानीय निकायहरूका निर्वाचित पदाधिकारीहरू नभएको अवस्थामा पनि सुपरिवेक्षण तथा अनुगमन समितिको गठन गरिनेछ ।<br>▪ अनुगमन तथा मूल्यांङ्कन फाराममा लैससासका सूचकमा भएका प्रगतिसंग मापन गरिनेछ । |
| (ङ) | **सङ्गठनात्मक ढाँचा, सेवा प्रवाह तथा उपयुक्त व्यवस्थापन** | ▪ लैङ्गिक तथा समावेशीकरणसँग सम्बन्धित प्रमुख जिम्मेवारी र पूरा गर्नुपर्ने कार्यहरू पहिचान गरी सो कुरालाई कर्मचारीहरूको कार्य विवरणमा समावेश गर्ने व्यवस्था मिलाइनेछ ।<br>▪ जिविसको क्षमता विकास योजनामा लैससास सम्बन्धी विषयहरूलाई समावेश गरिनेछ । कार्यविवरणका आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गरिनेछ । साथै लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई सम्बोधन गर्न कर्मचारीले देखाएको तदारूकतालाई मापन गर्ने आधार समावेश गरिनेछ ।<br>▪ कार्यस्थलमा हुने यौनजन्य हिंसाका सवालहरूलाई सम्बोधन गर्न गुनासो समाधान पद्धति लागू गरिनेछ । |

**च. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रत्यक्षरूपमा जोड दिन कार्यसम्पादन मापनको एक थप क्षेत्र राखिनेछ ।**

| | |
|---|---|
| **स्रोत र लाभमा समान पहुँच** | ▪ वञ्चित समूह लगायत सबैका बालबालिकाहरूमा खोप लाउने दरमा सुधार, जन्म दर्ता, महिला तथा वञ्चित समूहको खानेपानी पहुँचमा सुधार, वञ्चित समूह लगायत सबै महिलाहरूको प्रजनन् स्वास्थ्यमा सुधार, गठन हुने सबै समितिहरू तथा उप-समितिहरूमा ३३ प्रतिशत महिलाहरूको प्रतिनिधित्व जस्ता सूचकहरू समावेश गरिनेछन् । |

(३) **नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन**

नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन तयार गर्दा निम्न व्यवस्था अवलम्बन गरिनेछन् :

| | |
|---|---|
| **क. न्यूनतम शर्तहरू** | ▪ समितिको गठन : सुपरिवेक्षण तथा अनुगमन समिति समावेशी हुनेछ ।<br>▪ कर्मचारीहरूको कार्यविवरण : कर्मचारीहरूको कार्यविवरणले समावेशीकरणको जिम्मेवारी समेट्नेछ ।<br>▪ सङ्गठनात्मक विकास योजना : सङ्गठनात्मक ढाँचामा लैससास शाखा तोकिने वा समावेश गरिनेछ ।<br>▪ कर्मचारी भर्ना : कर्मचारी भर्नामा महिला, दलित, आदिवासी जनजाति तथा सामाजिकरूपले वञ्चित अन्य समूहका लागि सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ । |
| **ख. कार्यसम्पादन मापन** | ▪ सहभागितात्मक योजना तर्जुमा प्रणाली : योजना प्रक्रियामा महिला तथा वञ्चतीकरणमा परेका अन्य समूहहरूको सक्रिय सहभागिता सुनिश्चित गराइनेछ ।<br>▪ सार्वजनिक सुनुवाइ : महिला तथा वञ्चितीकरणमा परेका अन्य समूहरू लगायत सबै सरोकार राख्ने व्यक्तिहरूको सहभागितामा सार्वजनिक सुनुवाइ गरिनेछ । यस्तो सार्वजनिक सुनुवाईमा लैससास सूचकहरुको माध्यमद्धारा प्रगति मापन गर्न सहजीकरण गरिनेछ ।<br>▪ अनुगमन तथा मूल्याङ्कन : अनुगमन तथा मूल्याङ्कन फाराम, सूचना सङ्कलन परीक्षा-सूची तथा प्रतिवेदनहरूमा महिला (लैङ्गिक हिंसा समेत) तथा अन्य वञ्चित समूहलाई प्रभाव पार्ने विषयहरूको खण्डीकृत तथ्याङ्क तथा विश्लेषण अनिवार्यरूपमा समावेश गर्ने व्यवस्था मिलाइनेछ । |

## ४ *लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) का लागि संस्थागत तथा व्यक्तिगत दुवैथरी क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यान्वियन गर्ने ।*

### (क) लैससास उत्तरदायी सेवाका लागि क्षमता विकास

**सबै तहहरू**

- स्थानीय निकायहरू, विषयगत कार्यालयहरू, विभिन्न समितिहरू तथा अन्य सरकारी निकायहरूका सबै कर्मचारी एवम् सदस्यहरूलाई लैससासको मूलअवधारणाबारे प्रशिक्षित गराइनेछ ।
- स्थानीय निकायहरूका साथै विषयगत कार्यालयहरूलाई योजना, कार्यक्रम तथा बजेटको तर्जुमामा र अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहीकरण गर्नका लागि स्थानीय विकास अधिकारी, नगर प्रमुख, गाविस सचिव, सामाजिक विकास अधिकृत, जिविसको योजना तथा अनुगमन अधिकृत, लैङ्गिक सम्पर्क व्यक्तिहरू, सेवा प्रवाहमा संलग्न सम्बन्धित निकायका कर्मचारीहरू, दलित समन्वय समिति एवम् आदिवासी जनजाति समन्वय समितिहरू तथा लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिका सदस्यहरू जस्ता पदाधिकारीहरूको सीप विकास गरिनेछ ।
- स्थानीय निकायहरूका प्रमुख एवम् राजनीतिक दलका प्रतिनिधिहरूलाई लैससासको मूलअवधारणा र यस सम्वन्धी अनुशिक्षण प्रदान गरिनेछ ।
- अन्तर्क्रियाहरूबाट सम्बन्धित पदाधिकारीहरूको व्यवहारमा परिवर्तन एवम् कार्यशैलीमा सुधार गरिनेछ ।
- कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि निम्नानुसारका प्रयासहरू अगाडि बढाइनेछन् :

| | |
|---|---|
| **लैससासबारे अवधारणात्मक स्पष्टता** | |
| १. | महिला तथा वञ्चित समूहको विद्यमान स्थिति, लैङ्गिक सम्बन्ध, सशक्तीकरण, सामाजिक वञ्चितीकरण तथा समावेशीकरण, समावेशीकरणका अवरोध आदि जानकारीको आधारमा सामाजिक प्रक्रियाको अवधारणाको विकास । |
| **लैससास आधारित विश्लेषण एवम् कार्य गर्ने सीप** | |
| २. | नीति विश्लेषण, संस्थागत विश्लेषण, कार्यक्रम तथा बजेटको विश्लेषण जस्ता लैससाससम्बन्धी सीप र विधिको उपयोगमा अभिवृद्धि, लैससास संवेदनशील अनुगमन एवम् प्रतिवेदन तयारीको ढाँचा एवम् प्रक्रियाहरूको विकास र गाविस बजेट खर्चको अनुगमन संयन्त्र एवं सामाजिक जवाफदेहिता संयन्त्र सम्बन्धमा तालिम । |
| **सहभागितात्मक ग्रामीण विश्लेषण विधिको प्रयोग** | |
| ३. | सामाजिक विश्लेषण, विषयकेन्द्रित समूह छलफल, लक्ष्यित अन्तर्वार्ता, लेविका चक्र प्रयोग,(लेखाजोखा, विश्लेषण, कार्यान्वयन) लैङ्गिक संवेदनशील लेविका विधि, शक्ति विश्लेषण जस्ता सहभागितात्मक विश्लेषण विधिहरूको उपयोग; 'REFLECT' का सिद्धान्तहरू एवं प्रक्रियाहरू |

| कार्यआचरण परिवर्तन तथा सीप विकास | |
|---|---|
| ४. | **कार्यशैली** : वञ्चित समूहलाई दिइने प्राथमिकता कल्याणकारी भावनाबाट नभई उनीहरूको अधिकार हो भन्ने विश्वासमा अभिवृद्धि; महिला तथा वञ्चित समूहको प्रभावकारी सहभागिता तथा उनीहरूको सेवा पहुँचमा सुधार ल्याउने सम्भाव्य सकारात्मक कार्यहरू अवलम्बन गर्न उत्प्रेरणा । |
| ५. | **आचरण** : वञ्चितीकरणमा परेका महिला तथा सर्वसाधारणहरू प्रतिको पूर्वाग्रह एवम् यथास्थितिवादी सोचको पहिचान र असमान व्यक्तिगत आग्रहमा नियन्त्रण । |
| ६. | **आपसी सीप र सञ्चार** : छुवाछुत तथा विभेदकारी सामाजिक सवालहरूमा महिला तथा वञ्चित समूहसँग गर्ने कुराकानीको शैली र सीपको विकास । |
| ७. | **सहजीकरण सीप** : कमजोर सर्वसाधारण मानिसहरूका लागि स्थानीय निकायका कर्मचारीहरूसँग कुराकानी एवम् छलफल गर्न सहज वातावरणको सिर्जना । |
| **स्रोत परिचालन तथा समन्वय** | |
| ८. | लैससासको दृष्टिकोणबाट समस्याहरूको पहिचान गरी विभिन्न स्रोतहरूबाट स्रोत परिचालन तथा विभिन्न साझेदारहरूसँग समन्वयन । |

**(ख) समावेशी योजनाका लागि क्षमता विकास तथा महिला एवम् वञ्चित समूहको सेवा सुविधाहरूमा पहुँच**

सामाजिक परिचालनको कार्य गाविस अनुदान सञ्चालन कार्यविधि बमोजिम सेवा-प्रदायक संस्थाहरूको माध्यमबाट गराइनेछ । सामाजिक परिचालन निर्देशिकाले सामाजिक परिचालनको प्रक्रिया र संयन्त्र पहिचान गर्नेछन् । सेवाहरूमा पहुँच बढाउने तथा स्थानीय शासन सञ्चालनमा प्रभाव पार्ने उद्देश्यले समूहहरूलाई सङ्गठित गर्न एवम् क्षमता अभिवृद्धि गर्न प्रत्येक गाविस/नगरपालिकामा कम्तिमा एक सामाजिक परिचालक रहने व्यवस्था गरिनेछ । सामाजिक परिचालनको माध्यमबाट महिला, पुरुष र बञ्चितीकरणमा परेको वर्गहरु, वडा नागरिक मञ्च, गाउँ नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समितिका सदस्यहरुको स्थानीय निकाय, सरकारी तथा गैर सरकारी निकायहरुको समावेशी विकास प्रक्रिया, कार्यक्रम तथा बजेट तर्जुमा, कार्यान्वयन, तथा अनुगमनको क्षेत्रमा क्षमता अभिवृद्धि गरिनेछ । **“सामाजिक परिचालन निर्देशिका २०६६”** बमोजिम महिला तथा बञ्चितीकरणमा परेका समुहहरुको आवाज सुनिश्चितताका लागि सक्रिय नागरिकका रुपमा उनीहरुको क्षमता अभिवृद्धि गरी स्थानीय निकायको विकासमा यी वर्गहरुको पहुँच बढाईनेछ । सामाजिक परिचालनको माध्यमबाट महिला तथा वञ्चितीकरणमा परेका समूहहरुको सशक्तीकरणको कार्यक्रम सञ्चालन गर्न मन्त्रालयबाट स्वीकृत सामाजिक परिचालनसम्वन्धी निर्देशिका बमोजिम गर्नुपर्नेछ ।

**गाविस तथा नगरपालिका तह**

- गाविस तथा नगरपालिकाहरूले सम्पन्नता स्तरीकरण विधिको उपयोग गरी सर्वसाधारणको खण्डीकृत तथ्याङ्क सङ्कलनका लागि वस्ती तहका समूहहरूलाई परिचालन गर्नेछन् । गाविस तथा नगरपालिका तहमा सूचकहरू निर्धारण गरिनेछन् र तत्पश्चात् समुदाय तहमा हुने छलफलका क्रममा ती सूचकहरू मिलान गरिनेछन् । त्यस्तो विपन्नता नक्साङ्कनका लागि सामाजिक परिचालन निर्देशिका र विपन्नता घरधुरी नक्साङ्कन निर्देशिका अवलम्बन गरिनेछन् ।
- गाविस अनुदान सञ्चालन कार्यविधिले चालू खर्चको २५ प्रतिशत अंश गाविस क्षमता विकासका लागि खर्च गर्नसक्ने उल्लेख गरेको छ । यसको उपयोग निम्नानुसार गरिनेछ :

- गाविसका जनताहरू र खास गरी वञ्चित समूहको तथ्याङ्क व्यवस्थापन गर्न संस्थागत क्षमताको विकास गर्ने ।
- गाविस तहमा आयोजना तथा कार्यक्रमहरूको अद्यावधिक तथ्याङ्कको अभिलेख राख्ने ।
- योजना तथा बजेट तर्जुमा तथा अनुगमनमा लैससासको मूलप्रवाहीकरणका लागि आवश्यक फारमहरू तथा विधिहरूको विकास गर्ने ।

- तथ्याङ्क तथा सूचनाहरूलाई सजिलै प्राप्त  गर्न सकिने फाइलहरु भण्डारणका साथै अद्यावधिक गरिनेछ ।
- भौगोलिक अवस्थिति, भाषा, लिङ्ग, जातजाति, जनजातिमा आधारित विभेदकारी प्रचलनहरू तथा खास सामाजिक समूहको विशेष आवश्यकताहरू पूरा गर्न वाधा पुऱ्याउने सामाजिक आर्थिक समस्याहरू लेखाजोखा गर्न गाविस तथा नगरपालिकाहरूको सीप/क्षमताको विकास गरिनेछ ।
- विगतका उपभोक्ता समितिहरूले गरेको कार्यसम्पादनको समीक्षा गर्ने क्षमताको अभिवृद्धि गरिनेछ । समीक्षामा सर्वसाधारण तथा समूहहरूका काम गराइमा समयमा कार्य पूरा गर्ने क्षमता र समुदायका जनताको सन्तुष्टि भए, नभएको हेरिनेछ ।
- प्राविधिक सहयोग चाहिने विशेष कार्यहरूका लागि गाविसहरू मिली निजी संस्थाहरूबाट संयुक्तरूपमा प्राविधिकहरू राखिनेछन् ।

**जिल्ला तह**

- जिल्लाभित्रका जनसमुदायको सामाजिक-आर्थिक स्थिति बारे खण्डीकृत तथ्याङ्क तथा सूचना सङ्कलन एवम् व्यवस्था गर्न जिल्ला स्थित सूचना केन्द्रको प्राविधिक क्षमता विस्तार गरिनेछ ।
- प्राथमिकता निर्धारणका विभिन्न विधिहरूको उपयोगका लागि जिविस तथा जिल्ला स्थित कार्यालयहरूको सीप अभिवृद्धि गरिनेछ । गाविस, नगरपालिका तथा इलाका तहमा हुने योजना तर्जुमा कार्यशाला गोष्ठीमा उपलब्ध बजेटको आधारमा मात्र आयोजनाहरू छनौट गरिनेछन् । यी आयोजनाहरूमध्ये न्यूनतम एक आयोजना गरिब तथा वञ्चित समूहका लागि र एक महिलाहरूका लागि चयन गरिनेछ । यी आयोजनाहरू गाविस, नगरपालिका तथा इलाका तहको प्राथमिकता तथा बजेट सीमामा आधारित हुनेछन् ।
- जिविसको सामाजिक विकास एकाइ र सामाजिक विकास अधिकृतको क्षमता विकास गरिनेछ र लैससाससम्बन्धी योजना तथा परीक्षणको नियमित कार्यसम्पादन गर्न स्रोत उपलब्ध गराइनेछ ।
- दलित समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति तथा लैङ्गिक मूलप्रवाहीकरण समन्वय समितिहरूबीच समन्वय गर्ने जिविसको क्षमता नियमित एवम् संयुक्त कार्यमार्फत् सुदृढ गरिनेछ ।
- कर्मचारीहरूलाई विद्यमान योजना तथा बजेट तर्जुमा र अनुगमन निर्देशिकाहरूबारे तालिम दिइनेछ र लैससास मूलप्रवाहीकरण गर्न उनीहरूको सीपमा अभिवृद्धि गरिनेछ। खास गरी सामाजिक विकास अधिकृत, महिला विकास अधिकृत तथा विभिन्न कार्यालयहरूका लैङ्गिक सम्पर्क व्यक्तिहरूको सीप अभिवृद्धिमा जोड दिइनेछ ।
- जिविसले स्थापना गरेको जिल्ला सूचना तथा अभिलेख केन्द्रले खण्डीकृत तथ्याङ्क तयार गर्नेछ । साथै अन्य संस्थाहरूले सङ्कलन गरेका तथ्याङ्कहरूको गुणस्तरीयता निश्चित गरी मान्यता प्रदान गर्नेछ ।

***५ स्थानीय सरकारको सेवा प्रवाह संयन्त्र तथा प्रक्रियामा सुधार गर्ने ।***

**योजना प्रक्रिया** : स्थानीय निकायहरू, विषयगत कार्यालयहरू तथा दातृ साझेदारहरूका भिन्न-भिन्न योजना चक्रहरूले गर्दा सेवा प्रवाहलाई सन्तुलित तथा समन्वयात्मक रूपमा अगाडि बढाउन वाधा परेको छ । अतः गाविस, नगरपालिका तथा जिविसको एकीकृत योजनाका लागि प्रयास सुदृढ गरी जिल्लास्थित विषयगत कार्यालयहरूका कार्यक्रमहरू तथा बजेटलाई स्थानीय निकायहरूको योजनामा समाहित गरिनेछ ।

समुदाय र खास गरी वञ्चित समूहहरूको सहभागितालाई सुनिश्चित गराउन वस्ती तहमा हुने योजना तर्जुमाको समयावधिलाई बढाइनेछ ।

वञ्चितीकरणमा परेका र दुर्गम क्षेत्रमा वसोवास गर्ने जनसमुदायहरूको आवश्यकतालाई सम्बोधन गर्न पर्याप्त समय र स्रोत नजुटाई आयोजनाहरू पूरा गर्न हतार गर्नुपर्ने हुँदा आयोजनाहरूको स्वीकृति तथा बजेटको निकासामा हुने ढिलाइलाई कम गरिनेछ ।

बजेटको वाँडफाँड, लक्ष्यित समूह तथा क्रियाकलापहरूको विस्तृत विवरण लगायत आयोजना प्रस्तावको सम्भाव्यताको लेखाजोखा गाउँ वा नगर परिषद्हरूको बैठक वस्नु पूर्व नै गरिनेछ । वडा तथा वस्ती तहबाट आउने प्रस्तावहरूको समीक्षा मात्र गाउँ वा नगर परिषद्मा गरिनेछ ।

**आधारभूत सेवाहरू सम्बन्धी संयन्त्र**

गाविसस्तरीय गाउँ नागरिक मञ्चले शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, भूमि (कर तथा सम्पति), रोजगारी, कृषि प्रसार तथा पशु सेवा, खाद्य तथा सुरक्षा एवम् जन्म, मृत्यु दर्ता जस्ता सेवाहरू गाविस एवम् वस्ती तहमा पुऱ्याउने व्यवस्थाका लागि सरकारी निकायहरूसँग सहकार्य र समन्वय गर्नेछ ।

निम्नानुसारका विषय क्षेत्रहरूमा कम्तीमा खण्डीकृत तथ्याङ्कहरूको लगत तयार गरिनेछ :

- महिलाहरूको नाममा दर्ता भएको जग्गाको लगत,
- जन्म, मृत्यु, विवाह, पारपाचुके जस्ता घटनाहरूको दर्ता तथा नागरिकताको लगत,
- प्राथमिक विद्यालयहरूको सङ्ख्या तथा स्थान, स्वास्थ्य सेवा, सुविधा तथा कृषि प्रसार सेवाहरूको लगत ।

बस्ती तहमा सेवा, सुविधाहरूमा महिला तथा वञ्चित समूह लगायत सर्वसाधारण नागरिकहरूको पहुँच बारे सामाजिक परिचालकले गाउँ नागरिक मञ्च र वडा नागरिक मञ्चहरूको सहयोगमा तथ्याङ्क सङ्कलन गर्नेछन् । यी खण्डीकृत तथ्याङ्कहरू योजना तथा बजेट तर्जुमामा र कार्यान्वयनमा उपयोग गरिनेछन् ।

जिल्ला स्थित निकायहरूले प्रदान गर्ने सेवाहरूमा देखिएका कमी पुरा गर्न स्थानीय निकायहरूबाट प्रत्येक वर्ष केही कार्यहरू अगाडि बढाइनेछ । उदाहरणका लागि महिलाहरूका लागि घुम्ती स्वास्थ्य टोली, गर्भवती महिलाहरूका लागि चार पटकको प्रजनन् जाँच सुविधा विस्तार, लैङ्गिक, जातजाति, जनजाति, भाषामा आधारित विभेदका विरुद्ध प्रचार अभियान जस्ता कार्यहरू गरिनेछन् ।

समुदाय तहको लैससास उत्तरदायी सेवाहरूका लागि निर्देशिका तथा सञ्चालन पुस्तिका तयार गरिनेछ ।

६ ***स्थानीय शासनसँग सम्बन्धित विभिन्न नीतिहरूको पुनरावलोकन तथा विकासमा जोड दिने । नीतिगत सुधारका कार्यहरू लैससासको दृष्टिकोणबाट निम्नानुसार अगाडि बढाइनेछ :***

(क) विकेन्द्रीकरण, क्षेत्रगत निक्षेपण नीति तथा स्वाप (SWAp) विधिहरूको लेखाजोखा गर्दा निम्नलिखित कुरा ख्याल गरिनेछ :

- महिला तथा अन्य वञ्चित समूहका विशेष आवश्यकताहरू (महिला विरुद्धको हिंसा समेत) लाई सम्बोधन गर्ने र
- सुविधा सम्पन्न र वञ्चित समुदायबीचको विद्यमान शक्ति सम्बन्ध रूपान्तरण गर्न योगदान पुऱ्याउने ।

(ख) सामाजिक सुरक्षा नीतिको पुनरावलोकन गर्दा निम्न सवालहरूलाई सम्बोधन गरिनेछ :

- अपाङ्गता भएका व्यक्तिहरूका लागि सामाजिक सुरक्षा प्रदान गर्न जिल्लाको जनसङ्ख्याको आधारमा तोकिएको निश्चित सङ्ख्या आवश्यकताभन्दा अति न्यून भएकाले सामाजिक सुरक्षा कार्यविधिमा भएको व्यवस्थाअनुसार स्थानीय निकायहरूको आफ्नो स्रोतबाट रकम थप गरी सङ्ख्या वृद्धि गर्न आवश्यक व्यवस्था समावेश गर्ने ।
- पूर्ण वा आंशिक अपाङ्गता भएका व्यक्तिहरू सबैलाई सामाजिक सुरक्षाको दायराभित्र पार्ने ।
- आन्तरिक स्रोत पर्याप्त नभएको अवस्थामा स्थाशासावि कार्यक्रमको अनुदान रकम निश्चित अंशसम्म प्रयोग गर्ने व्यवस्था गर्ने ।
- लोपोन्मुख जनजातिका लागि परिचयपत्र तयार गर्न उपलब्ध गराइएको जस्तै सहयोग अपाङ्गता भएका व्यक्तिहरूका लागि पनि उपलब्ध गराउने ।
- सम्बन्ध विच्छेद, विधवा भएका एकल महिलाको हकमा उमेरको हदबन्दी नराखी आर्थिक अवस्था मूल्याङ्कन गरेर सोही अनुसार प्राथमिकता दिई सहयोग गर्ने व्यवस्था मिलाउने ।

(ग) नीतिको तर्जुमा तथा संशोधनले विकेन्द्रीकरणलाई प्रभाव पार्ने गरी निम्नानुसार सामाजिक विषयहरूको विश्लेषण गरिनेछ :

- गरिबीको उच्च चाप तथा यसले सामाजिक क्षेत्रको आवश्यकतामा पार्ने प्रभाव,
- स्वास्थ्य जस्ता सामाजिक सेवाका क्षेत्रहरूमा प्रति व्यक्ति न्यून बजेट,
- सेवा प्रदान गर्ने कार्यमा तुलनात्मक रूपले निजी क्षेत्रको सीमित भूमिका,
- सरकारी कार्यालयहरूको प्राविधिक क्षमता,
- शहरी-ग्रामीण एवम् धनी-गरिबबीचको अन्तरसम्बन्धमा असमानता,
- जिल्लामा देखिने जातजाति तथा जनजातिको वनावटमा र विभिन्न समुदायहरूको भाषा, सांस्कृतिक प्रचलनहरू तथा अपेक्षाहरूमा अन्तर,
- स्थानीय हुनेखाने तथा अगुवाहरूको दवाव,
- सामुदायिक समूहहरूको विद्यमान सञ्जाल ।

विकेन्द्रीकरण सम्बन्धी नीति सुधारका कार्यहरू गर्दा उपयुक्त पक्षहरूलाई दृष्टिगत गरिनेछ । स्थानीय स्वायत्त शासन ऐनको प्रावधान अनुरूप जिल्लाको आवश्यकता अनुसार जिविसको विषयगत शाखा खोल्ने कार्य अगाडि बढाइनेछ ।

महिला, बालबालिका, ज्येष्ठ नागरिकहरू तथा अपाङ्गता भएका व्यक्तिहरूका लागि गरिने योजना, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन कार्यहरूका लागि स्थानीय निकायहरूले आवश्यक वित्तीय तथा मानव संसाधनको परिचालन गर्नेछन् । साथै अनुगमन तथा मूल्याङ्कनमा अन्तर्राष्ट्रिय प्रतिबद्धता एवम् सहस्राब्दी विकास लक्ष्यका स्थानीय सूचकहरूको उपयोग गर्नेछन् ।

स्थानीय स्तरमा विभिन्न निकायहरूले कर्मचारीहरूले प्रदान गर्ने सेवामा समन्वय गर्ने कार्यको जिम्मेवारी स्थानीय निकायहरूले लिनेछन् ।

स्थानीय निकायबाट लिइने कर्मचारीसम्बन्धी नीतिहरू लैससास संवेदनशील हुनेछन् । कर्मचारीहरूको भर्ना, बढुवा, सरुवा तथा क्षमता अभिवृद्धि गर्दा महिला एवम् वञ्चित समूहका विशेष सवालहरूलाई ख्याल गरिनेछ ।

***७ स्थानीय सरकारहरूका लागि उपयुक्त सहयोग प्रदान गर्ने केन्द्रीय सरकार तथा राष्ट्रिय तहका निकायहरूको क्षमता अभिवृद्धि गर्ने ।***

जिल्ला विकास समिति महासङ्घ, नगरपालिका सङ्घ तथा गाविस महासङ्घ जस्ता निकायहरूलाई उनीहरूको नियमित कार्यसम्पादन गर्ने क्रममा लैससास मूलप्रवाहीकरणका लागि प्राविधिक सहयोग उपलब्ध गराइनेछ । साथै हालसम्म कार्यान्वयनमा आउन नसकेका लैससास संवेदनशील नीतिहरूको समीक्षा गरी कार्यान्वयनमा ल्याइनेछ । सम्बन्धित संस्थाहरूबीच संयुक्त योजना तर्जुमा गर्न प्रोत्साहन दिइनेछ ।

## १.७ नीति र कार्यनीति (Working Policy)

- मन्त्रालय, विभागले सञ्चालन गर्ने कार्यक्रमहरुको लाभान्वित जनसंख्याको कम्तीमा ३३ प्रतिशत महिला हुनु पर्ने व्यवस्था गरिनेछ ।
- लैंगिक व्यवस्थापन तथा लैंगिक सूचना प्रणाली लागू गर्नुका साथै लैंगिक समानताका लागि भएका नीतिगत र कानुनी सुधारका उपयोगिता र प्रभाकारिता मूल्यांङ्कन गरिनेछ ।
- स्थानीयस्तरका योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा पछाडि परेका महिला, दलित, आदिबासी जनजाति, मधेशी, मुस्लिम, अपांगता भएका पछाडि पारिएका समुदायको सहभागिता सुनिश्चित गरिनेछ । स्थानीय स्तरको विकासमा महिलाहरुको सहभागिता कम्तिमा ३३ प्रतिशत सुनिश्चित गरिनेछ ।
- जिल्ला तहमा लैंगिक सम्पर्क विन्दुको रुपमा रहेका महिला विकास कार्यालय, अन्य विषयगत कार्यालय, नागरिक समाजका संस्थाहरु संग समन्वय गरी लैंगिक समानता तथा सामाािजक समावेशीकरणका कार्यहरु गरिनेछ ।
- दलित, आदिबासी जनजाति, मधेशी, एकल महिला, मुस्लिम, अपांगता भएका पछाडि पारिएका समुदाय तथा गरिबीको मारमा परेका महिलाको सशक्तिकरण गरी स्थानीय शासनको सबै क्षेत्रमा उनीहरुको क्रियाशील सहभागिता सुनिश्चित गरिनेछ ।
- गरिबीको मारमा परेका महिला र बञ्चितीमा परेका समुदायहरुका लागि स्थानीय स्तरमा आधारभूत सेवा सुविधा उपलब्ध गराउने विशेष संयन्त्र निर्माण गरिनेछ ।

- सामाजिक कार्यक्रम एवम् योजनाहरु तर्जुमा र कार्यान्वयन गर्दा दलित, आदिबासी जनजाति, पछाडि परेका प्रतिनिधि संस्थाहरुलाई अनिवार्य रुपमा संलग्न गराउन प्रोत्साहन गरीनेछ ।

- स्थानीय निकाय, सरकारी, निजी क्षेत्र र नागरिक समाजलाई आफनो कार्य प्रक्रियामा समावेशी प्रक्रिया अपनाउन प्रोत्साहित गरिनेछ ।

- जिल्ला विकास समिति अन्तर्गत गठित लैंगिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको समन्वयमा जिल्लाका समावेशी विकासलाई अगाडि बढाइनेछ ।

- सामाजिक परिचालनको माध्यमबाट स्थानीय तहका महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको क्षमता अभिवृद्धि गर्ने कार्य अगाडि बढाइनेछ । सामुदायिक कार्यक्रमहरु दलित, आदिबासी जनजाति, महिला, पछाडि परेका वर्ग मार्फत संचालन गर्न प्रोत्साहित गरिनेछ ।

- बालिका तथा महिला विरुद्ध हुने हिंसा रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार तथा सहायता समिति (paralegal committee) लगायतका सामुदायिक अग्रसरतालाई प्रोत्साहित र परिचालन गर्ने व्यवस्था गरिनेछ ।

- जिल्ला विकास समिति अन्तर्गत गठित दलित वर्ग उत्थान जिल्ला समन्वय समिति, आदिबासी जनजाति जिल्ला समन्वय समितिको क्षमता वृद्धि गरी सामाजिक समावेशीकरणका कार्यहरु अगाडि बढाईनेछ ।

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन तथा अनुगमन

## १.२ लैससास नीतिको कार्यान्वयन

### १.२.१ लैससास मूलप्रवाहीकरणका लागि संस्थागत संयन्त्र

स्थानीय विकास मन्त्रालयमा लैससास शाखाको स्थापना गरिएको छ । यसले गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूको संवोधन गर्न सुगम भएको छ । शाखाका लागि कर्मचारीको व्यवस्था गर्नुका साथै आवश्यक स्रोतको पनि व्यवस्था भएको छ ।


केन्द्रदेखि जिल्ला, नगरपालिका, गाविस एवम् समुदाय स्तरसम्म लैससासको अवधारणाबारे अपेक्षाकृत स्पष्टता अझै छैन । यी सवालहरूलाई समन्वयात्मक तथा प्रभावकारीरूपले कार्यान्वयन गर्नका लागि पर्याप्त प्राथमिकता दिन नसकिएको अवस्था पनि छ । साथै विश्लेषण गर्ने र सो अनुरूप कार्य गर्ने सीपको कमी रहेको छ । अतः यो नीतिको कार्यान्वयनका लागि संस्थागत तयारी गर्न र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा समावेशीकरणलाई समाहित गर्नु आवश्यक रहेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति कार्यान्वयन गर्न विशेषतः निम्नानुसारका कार्यहरू समेटिनेछन् :

- स्थानीय विकास मन्त्रालयमा लैससास शाखाको सुदृढीकरण,
- जिविसमा दलित, आदिवासी जनजाति एवम् लैङ्गिक मूलप्रवाहीकरण समितिहरूमा तथा अन्य कुनै समन्वय समितिहरूमा (उदाहरणका लागि मुस्लिम वा अन्य पिछडिएको समुदाय) लैससास कार्यान्वयन समितिको स्थापना,
- गाविस वा नगरपालिकामा समावेशी एकीकृत योजना तर्जुमा समितिको गठन र
- नागरिक मञ्चहरू (जस्तै- गाउँ नागरिक मञ्च, सबै बस्ती स्तरका समूहहरू र वडा नागरिक मञ्चहरू) मा लैससास मूलप्रवाहीकरण संयन्त्रको व्यवस्था

**स्थानीय तह**

स्थानीय तहमा नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समिति, लैससास कार्यान्वयन समितिलगायतका संस्थागत संयन्त्रबाट नीति तथा रणनीतिको कार्यान्वयन प्रक्रिया प्रभावकारी हुने अपेक्षा गरिएको छ । प्रस्तावित व्यवस्थाको फराकिलो आधार तल दिइएको गाविस तहको संस्थागत संयन्त्रको रेखाचित्रबाट पनि प्रकट हुन्छ ।




**केन्द्रीय तह**

केन्द्रमा स्थानीय विकास मन्त्रालयअन्तर्गतको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाले समन्वय-बिन्दुको कार्य गर्नेछ । लैससास शाखाका कर्मचारीहरूमा यथाशक्य महिला तथा वञ्चित समूहको प्रतिनिधित्व गराइनेछ । लैससास शाखाको उद्देश्य निम्नानुसार रहेको छ :

- लैससास मूलप्रवाहीकरणका लागि स्थानीय विकास मन्त्रालयका विभाग, विभिन्न महाशाखाहरू, समिति तथा शाखाहरूका साथै स्थानीय निकायहरूलाई प्राविधिक सहयोग दिने ।
- स्थानीय विकास मन्त्रालयका विभिन्न विभाग, महाशाखाहरू तथा शाखाहरूबीच र यसका सरकारी एवम् गैरसरकारी साझेदारहरूसँग लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि समन्वय कायम गराउने ।
- स्थानीय विकास मन्त्रालय र नेपाल सरकारका सम्बन्धित नीतिहरूलाई लैससास संवेदनशील बनाउन सूचनाहरू प्रदान गर्ने ।

लैससास शाखाले निम्नानुसारका विषयहरूलाई समेट्नेछ :

- स्थानीय विकास मन्त्रालय यसका विभाग तथा स्थानीय निकायहरूले अवलम्बन गर्ने लैससास सहयोगी नीतिहरूको सुधार एवम् कार्यान्वयनका लागि सहयोग दिने ।
- स्थानीय विकास मन्त्रालयमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू वसाल्न सहयोग गर्ने ।
- स्थानीय विकास मन्त्रालय, विभाग, स्थानीय निकायहरू, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, आदिवासी जनजाति महासङ्घ एवम् उपेक्षित उत्पीडित दलित वर्ग विकास समिति जस्ता निकाय तथा समितिहरूमा लैससासका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकास गर्ने ।
- स्थानीय निकायहरुको योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदनमा लैससासको मूलप्रवाहीकरणका लागि स्थानीय विकास मन्त्रालयका विभाग, विभिन्न महाशाखाहरू एवम् शाखाहरूसँग समन्वय गर्ने ।
- स्थानीय विकास मन्त्रालयबाट गरिने लैससास सम्बद्ध कार्यहरूको प्रभावकारी सम्पादनका लागि विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरूसँग साझेदारी प्रवर्धन गर्ने ।

उपर्युक्त कार्यहरूका लागि आवश्यक क्षमता एवम् सीपको विकासका लागि क्षमता विकास रणनीति भित्र रहेर एक क्षमता विकास योजना तर्जुमा गरिनेछ ।

### १.२.२ साझेदारी एवम् समन्वय

लैससास नीति तथा रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न सरकारी एवम् गैरसरकारी निकायहरू, दातृ साझेदारहरू, सामुदायिक समूहहरू तथा नागरिकहरूबीच साझेदारी आवश्यक हुन्छ । यस कार्यका लागि विभिन्न निकायहरूले निम्नानुसार सहयोग पुऱ्याउनेछन् :

| **साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू** | **कार्य/भूमिका** |
|---|---|
| राष्ट्रिय योजना आयोग | ▪ सामाजिक समावेशीकरण तथा सामाजिक परिचालन सम्बन्धी नेपाल सरकारको नीति तर्जुमा गर्ने ।<br>▪ लैससासको दृष्टिकोणबाट योजना तर्जुमा र अनुगमन ढाँचाहरूको पुनरावलोकन गर्ने ।<br>▪ स्थाशासाविको अनुगमन कार्यलाई जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) र गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (PMAS) सँग तालमेल गर्ने । |
| महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय | ▪ लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय तहमा एवम् जिल्ला तहमा प्राविधिक सहयोग प्रदान गर्ने र विभिन्न विषयगत निकायहरूबीच समन्वय कायम गर्ने । |
| सामान्य प्रशासन मन्त्रालय | ▪ सकारात्मक विभेदका लागि भर्ना नीति, कार्यविवरण तथा निर्देशिकाहरूको संशोधन गर्ने । |

| साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू | कार्य/भूमिका |
|---|---|
| स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, शिक्षा मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय, श्रम तथा यातयात मन्त्रालय | ▪ सामाजिक परिचालनका लागि विषयगत समन्वय गर्ने र महिला तथा वञ्चितीमा परेका जनसाधारणलाई लैङ्गिक संवेदनशील एकीकृत सेवा, सुविधा उपलब्ध गराउने । |
| दातृ निकायहरु | ▪ लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी क्रियाकलापहरूको मूलप्रवाहीकरणका लागि केन्द्रीय एवम् जिल्ला तहमा सहयोग प्रदान गर्ने । |
| विषयगत निकायहरू | ▪ महिला तथा वञ्चित समूह लगायत सबैका लागि सेवा सुविधामा पहुँच पुऱ्याउन कार्यान्वयन तहमा विषयगत समन्वय कायम गर्ने । |
| जिल्लास्तरीय समन्वय समितिहरू (दलित, आदिवासी जनजाति, पिछडिएका वर्ग तथा मुस्लिम आदि वञ्चित समूहहरूको) | ▪ खास-खास सरोकारका समूहहरू र उनीहरूका समस्या तथा आवश्यकताहरूका सम्बन्धमा खण्डीकृत तथ्याङ्क एवम् विश्लेषण गरिएका सूचना सामग्रीहरू उपलब्ध गराउने, पर्याप्त क्रियाकलापहरू सञ्चालन गर्न योजना तथा बजेट सुनिश्चित गर्ने र कार्यक्रमहरूको अनुगमन गर्ने । |
| महिला तथा वञ्चित समूहका सम्बद्ध संस्थाहरू | ▪ विभेदकारी सामाजिक प्रचलनको विपक्षमा र<br>▪ स्रोत तथा प्रतिफलहरूको समान वितरणको पक्षमा आवाज उठाउने । |
| गैरसरकारी संस्था | ▪ महिला तथा वञ्चित समूहका लागि सशक्तीकरण तथा सामाजिक परिचालनका क्रियाकलापहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन गर्न सहयोग गर्ने ।<br>▪ समावेशीकरणका सवालहरूमा आवाज उठाउने तथा समावेशीकरण सम्बन्धमा भएका कार्यगत सिकाइहरूको अभिलेख राख्ने । |
| निजी क्षेत्र | ▪ महिला तथा वञ्चित समूहहरूको सशक्तीकरणका लागि आर्थिक, प्राविधिक र व्यावसायिक सहयोग पुऱ्याउने । |

| साझेदारी तथा सहकार्यका लागि संभाव्य संस्थाहरू | कार्य/भूमिका |
|---|---|
| समुदाय | ▪ कार्यक्रमहरूको कार्यान्वयनका लागि साझेदारको रूपमा काम गर्ने ।<br>▪ आफ्नो बस्ती तहका परिवारहरूको खण्डीकृत सूचनाहरूको अभिलेख राख्ने ।<br>▪ प्रगति एवम् चुनौतिहरूको आफै अनुगमन गर्ने ।<br>▪ समावेशीकरणको सुनिश्चितताका लागि सेवा-प्रदायकको व्यवहार, कार्यशैली र क्रियाकलापहरूमा निगरानीको भूमिका निर्वाह गर्ने ।<br>▪ महिला तथा वञ्चित समूहको विकासलाई सीमित गर्ने विद्यमान विभेदकारी प्रचलनहरूका विरुद्ध आवाज उठाउनुका साथै छलफल गराउन सहयोग गर्ने । |

## १.३ लैससासको अनुगमन तथा प्रतिवेदन

अनुमगन तथा प्रतिवेदनका फारममा निम्नानुसारका विषयहरू समेटिनेछन् :

- गरिबी, लिङ्ग, जातजाति, जनजाति तथा स्थानका आधारमा खण्डीकृत तथ्याङ्क एवम् सूचनाहरू
- लैससास सम्बन्धित अनुगमन तथा प्रतिवेदन कार्य निम्न तीन विषय क्षेत्रमा केन्द्रित हुनेछन् :
    - सम्पति तथा सेवा, सुविधाहरूमा परिवर्तन,
    - प्रभाव पार्ने आवाज एवम् क्षमतामा परिवर्तन र
    - औपचारिक एवम् अनौपचारिक नीतिहरू तथा व्यवहारमा परिवर्तन ।

यी कार्यहरूबाट महिला, बालबालिका तथा वञ्चित समूहहरूको सेवा, सुविधामा पहुँच, महिला विरुद्ध हुने ज्यादतीका साथै विभेदकारी सामाजिक प्रचलनमा कमी, जातजातिमा आधारित विभेदमा कमी, वञ्चित समूहहरूको निर्णय गर्ने क्षमतामा अभिवृद्धि, पिछडिएका वर्गका लागि दिइने सहयोगप्रति सम्पन्न वर्गको स्वीकारोक्ति जस्ता प्रयासहरू अगाडि बढ्नेछन् ।

**लैससासको दृष्टिकोणबाट बजेटको अनुगमन** : महिला, बालबालिका तथा वञ्चित समूहहरूका सन्दर्भमा कुल विनियोजित रकमको कति प्रतिशत यी समूहका लागि प्रत्यक्ष फाइदा पुग्ने गरी, कति प्रतिशत आंशिकरूपमा फाइदा पुग्ने गरी र कति प्रतिशत तटस्थ रहेको छ सोको लेखाजोखा गरिनेछ।

अनुगमन टोलीमा सुपरिवेक्षण तथा अनुगमन समिति र लैससास कार्यान्वयन समितिका सदस्यहरूको प्रतिनिधित्व गराइनेछ । साथै महिला, बालबालिका तथा वञ्चित समूहहरूको प्रतिनिधित्व समेत सुनिश्चित हुनेछ ।

सामुदायिक महिला, बालबालिका एवम् पुरुषहरूसँग परामर्श लिने परिपाटीलाई अनुगमनको एक अभिन्न अङ्ग बनाइनेछ । वञ्चित समूहहरू, सामाजिक परिचालकहरू, वडा नागरिक मञ्च, प्रतिनिधिमूलक संस्थाहरू, बाल क्लब तथा एकीकृत योजना तर्जुमा समितिका सदस्यहरूसँग परामर्श गरिनेछ ।

### १.३.१ लैससास शाखा, स्थानीय विकास मन्त्रालय


लैससास शाखाले योजना अनुरूप नियमित रूपमा प्रगतिको सुपरिवेक्षण र लेखाजोखा गर्नेछ । अनुगमनले परिवर्तनका तीन क्षेत्रहरूलाई निम्नानुसार समेट्नेछ :

(क) सर्वसाधारण नागरिकहरू र खासगरी महिला, बालबालिका तथा वञ्चित समूहका लागि सम्पति तथा सेवाहरूमा पहुँच ।

(ख) महिला तथा वञ्चित समूहलाई प्रभाव पार्नसक्ने आवाज एवम् क्षमता ।

(ग) लैससास संवेदनशील नीति, सोंच र आचरण ।

**परिवर्तनका तीन क्षेत्रहरू**




लैससास शाखाले खण्डीकृत तथ्यांङ्क सङ्कलनका लागि अनुगमन तथा प्रतिवेदनको ढाँचा विकास गर्नेछ । राष्ट्रिय योजना आयोगको अनुगमन तथा सूचनाको ढाँचाले खण्डीकृत तथ्याङ्क सङ्कलन गर्न नसक्ने हुंदा लैससास शाखाले सम्भव भएसम्म जिल्ला तहमा खण्डीकृत तथ्याङ्क पहिचान गर्न जिल्लाहरूलाई सहयोग गर्नेछ । यसले विभिन्न विषयको अध्ययन गर्नुका साथै अभिलेखहरू राख्नेछ र अनुगमन तथा मूल्याङ्कनको निर्देशिका तयार गर्नेछ ।

लैससास शाखाले गाविस तथा जिविसहरूबाट प्राप्त जानकारी तथा प्रतिवेदनहरूको विश्लेषण गर्नेछ र महिला तथा वञ्चित समूहहरूका लागि फाइदा सुनिश्चित गराउन आवश्यकतानुसार रणनीतिहरूको संशोधन र परिमार्जन गनेछ । यसले प्रभावकारी अनुगमनका लागि स्रोतको परिचालन र साझेदारी विकास गर्नेछ ।

### १.३.२ लैससास कार्यान्वयन समिति/सामाजिक समिति, जिविस

लैससास कार्यान्वयन समितिले गाविस एवम् एकीकृत योजना तर्जुमा समितिका प्रतिवेदनहरूको विश्लेषण गर्नेछ । सोबाट प्राप्त कार्य अनुभवहरूलाई विकास कार्यमा समायोजन गर्नेछ । विश्लेषणले मुलभूत रूपमा निम्न तीन क्षेत्रलाई समेट्नेछ : (क) सम्पति र सेवाहरूमा पहुँच, (ख) महिला तथा वञ्चित समूहको आवाज तथा क्षमतामा प्रभाव र (ग) औपचारिक एवम् अनौपचारिक नीति, आचरण र सोंचमा परिवर्तन ।

यसले कार्यक्रमको लक्ष्य अनुरूप कार्यान्वयन भए, नभएको र अपेक्षा अनुरूप प्रतिफल/परिणाम आउन सके, नसकेको अनुगमन गर्नेछ । यसले सबै सामाजिक समूहहरूका महिलाहरू र वञ्चितीकरणमा परेका अन्य समूहरूको स्थिति देखाउने खण्डीकृत तथ्याङ्कको व्यवस्था गर्नेछ । लैससास कार्यान्वयन समितिले गाविसहरूलाई लैङ्गिक मूलप्रवाहीकरण एवम् सामाजिक समावेशीकरणका विषयहरूमा सधैँ मार्ग निर्देश गराई राख्नेछ । आवश्यकता अनुसार यसले सहयोगका लागि विभिन्न आधारहरू र कार्यान्वयनका लागि निर्देशिका तयार गर्नेछ ।

महिला, बालबालिका तथा वञ्चित समूहका लागि हुने बजेट खर्च, कार्यक्रम तथा आयोजनाहरूको प्रगति एवम् प्रतिवेदन आदिको खण्डीकृत विवरण तयार गराउनेछ । वार्षिक प्रतिवेदनमा विश्लेषणलाई क्रियाकलापको परिधिभित्र सीमित नराखी महिला तथा वञ्चित समुदायमा भएको समग्र उपलब्धिहरूलाई आधार मानिनेछ ।

### १.३.३ सुपरिवेक्षण तथा अनुगमन समिति (गाविस /नगरपालिका तह)

सुपरिवेक्षण तथा अनुगमन समितिबाट नगरपालिका र गाउँ विकास योजनाको अनुगमन र सुपरिवेक्षण गरिनेछ । समितिले संयुक्त अनुगमन कार्यमा सहयोग गर्नुका साथै भिन्न-भिन्न मागहरूको विवादमा सम्झौता गर्न समुदायलाई मद्दत गर्नेछ । यसले अनुगमनका विभिन्न विधिहरूको उपयोग गर्नेछ । स्थानीय विकास मन्त्रालयअन्तर्गतको लैससास शाखा र जिविसको लैससास कार्यान्वयन समितिले विकास गर्ने अनुगमन तथा मूल्याङ्कन कार्यसञ्चालन निर्देशिकामा विस्तृत विवरण उल्लेख गरिनेछ । अनुगमन तथा मूल्याङ्कनमा माथि उल्लिखित परिवर्तनका तीन विषय क्षेत्रहरूका आधारमा प्रतिवेदन तयार गरिनेछ र त्यसको प्रतिलिपि जिविसको लैससास कार्यान्वयन समितिमा पठाउने गरी गाविसमा पेश गर्ने व्यवस्था मिलाइनेछ । प्रतिवेदनले गाविसमा विद्यमान लिङ्ग, जातजाति, जनजाति तथा धर्मका आधारमा हुने विभेदहरूको आवधिक परिवर्तनहरूलाई समावेश गर्नेछ ।

### १.३.४ वडा नागरिक मञ्च (वडा तह)

वडा नागरिक मञ्चले वडाका सबै जनसमुदायको खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू राख्ने व्यवस्था गर्नेछ । यस समितिले जिविसको लैससास कार्यान्वयन समितिसँग सहकार्य गरी समुदायका महिला तथा पुरुषहरू एवम् विकास कार्यक्रमहरूको प्रगतिको खण्डीकृत तथ्याङ्क एवम् सूचना सङ्कलन गर्न नयाँ फारमहरू तयार गर्नेछ । यसले जातजाति, जनजाति, लिङ्ग र धर्मका आधारमा हुने विभेदहरू तथा वञ्चित समूहका कार्यक्रमहरूको फाइदाको पहुँचमा हुने अवरोधहरूको निरन्तर अनुगमन गर्नेछ ।

### १.३.५ विभिन्न निकायहरुको भूमिका

विभिन्न निकायहरूको भूमिका तथा अनुगमन व्यवस्थाको संक्षिप्त विवरण निम्नानुसार हुनेछ :

| समय तालिका | वडा नागरिक मञ्च (वडा तह) | गाउँ नागरिक मञ्च, एकीकृत योजना तर्जुमा समिति (गाविस) | लैससास कार्यान्वयन समिति/सामाजिक समिति (जिविस) | लैससास शाखा (स्थानीय विकास मन्त्रालय) | राष्ट्रिय योजना आयोग |
|---|---|---|---|---|---|
| | | | | | केन्द्रीय तथा जिल्ला स्तरीय गरिबी अनुगमन तथा लेखाजोखा प्रणाली (PMAS, DPMAS): ढाँचा तथा प्रक्रियामा लैससास पक्ष |
| चौमासिक | समूहको सहभागितामा प्रगतिको अनुगमन/ सेवामा पहुँच, विभेदकारी उदाहरणहरू, कार्यक्रम कार्यान्वयनको खण्डीकृत तथ्याङ्कको व्यवस्थापन, स्वअनुगमन पद्धति | नियमित बैठक, सामाजिक परिचालन र कार्यक्रम कार्यान्वयनको अनुगमन | नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन | नियमित सुपरिवेक्षण, योजनाको आधारमा प्रगतिको लेखाजोखा, तीन परिवर्तन क्षेत्रका आधारमा अनुगमन | |
| चौमासिक | परिवर्तनका तीन क्षेत्रहरू (सेवा, आवाज तथा गति) मा जोड दिई प्रगतिको समीक्षा | | स्थलगत अनुगमन, परिवर्तनका क्षेत्रहरूको खण्डीकृत तथ्याङ्कीय आधारमा समीक्षा | गाविसका प्रगतिहरूको विश्लेषण, रणनीतिक परिवर्तनका लागि निर्णयकर्ताहरूलाई स्थिति चित्रण गराउन प्रगति तथा अनुभवहरूको समायोजन, परिवर्तनका तीन कार्यक्षेत्रहरूको आधारमा स्थिति चित्रण | |
| अर्ध वार्षिक | कार्यक्रम कार्यान्वयन तथा सामाजिक परिचालनका क्रियाकलापहरूको सार्वजनिक सुनुवाइ | सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण | सार्वजनिक सुनुवाइ तथा परीक्षणमा सहभागिता, लैससाससम्बन्धी चौमासिक प्रतिवेदनको तयारी एवम् प्रस्तुति | | |
| वार्षिक | लैङ्गिक तथा सामाजिक परीक्षण | लैङ्गिक तथा सामाजिक परीक्षण | सार्वजनिक सुनुवाइ तथा परीक्षणमा सहभागिता, लैससाससम्बन्धी चौमासिक प्रतिवेदनको तयारी एवम् प्रस्तुति | | |